CC-0. In Public Domain. Digitization by eGangotri

891.4909
KAR

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नि.सं.१६६६
दर्ता नं. 9399

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सौगत

(समीक्षा संग्रह)

माधवलाल कर्माचार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समीक्षा संग्रह

सौभाग्य

माधवलाल कर्माचार्य

प्रकाशक—
रामदास एण्ड सन्स
भोटाहिटी, नेपाल।

२००८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम संस्करण

१०००

891.4909
KAR

सर्वाधिकार लेखकको अधीन

मूल्य १)

दर्शन नं.
१६११.

मुद्रक
नरेन्द्र यन्त्रालय,
६५, दूधविनायक काशी-१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनै कालो बादललाई

जसले नयां संसारको नयां बाटो देखाउने हिम्मत राख्तछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरजाम

सरजाम		पृष्ठ
१ कहानीकार गोठाले र कथासंग्रह	...	१
२ निबन्धकार हृदयचन्द्र र तीस रूपियाँ नोट	...	२३
३ गद्य कवि जनार्दन शमशेर र प्रेमी–प्रतीक्षा	...	३३
४ नाटककार गोपालप्रसाद र मसान	...	५१
५ उमरखैयाम र नेपाली अनुवाद	...	५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

❀ श्रीः ❀

एक सौगात

कहानीकार 'गोठाले'

र

'उनको कहानी-संग्रह'

गरीबी र मानवताको कमजोरीमा संसार दयनीय छ। मानिसको अन्तष्करणदेखि निस्केको 'आह !' र विश्वासमा यही दुर्बलताका मार्मिक कथाहरू मिसिएका हुन्छन्। कुनै मार्मिक घटना पछि हामी भन्न कोशिश गर्छौं-'फलानोले गरेर; यसो भए; गरे हुँदैनथ्यो ?, 'यस्तो हुनु पर्छ।' इत्यादि। अनि साहित्यको श्रृष्टि यहींबाट हुन्छ। मस्तिष्कको अभिवृद्धिमा लाग्ने जरूरत देखा पर्छ। चिन्ने र बुझ्ने प्रवृति पैदा हुन्छ। अनि आफूले आफैंलाई हेर्न थाल्छौं-हामी कतातिर छौं ? अनि संस्कृति र सभ्यताको पत्ता लाग्छ। यही चित्रण सबैको चेतनमा चित्रित गर्ने कलाको जन्म हुन्छ। कला र साहित्य दुवै मिलेर जीवनको चित्रण सबैको उतारेर देखाउनमा सफल हुन्छन्। यही विषयका एउटा अङ्ग हो, कथा; र प्रस्तुत कथाहरू पनि यही रूपको घेरै नजीक हुन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(कथा संग्रहका) कथाको सांकेतिक तत्वलाई लिएर विचार गर्‍यौं भने, 'लक्ष्मी पूजा', 'औंठी' र 'भय' एउटै समकक्षमा आउँछन् । 'गरीबको नाश गरीबी' तथा 'गरीबी नै पाप या अपराध'को तीखो तथा मर्मिक संकेत नै यी कथाहरूका लक्ष्य हुन् । 'लक्ष्मीपूजा'को बालक लाल लक्ष्मीपूजाको चहलपहलको बीचमा उभिएर आफ्नो दीनतालाई निहारी, लक्ष्मीको पूजा सोच्छ । उसकी बिधवा आमा चीसो छिँड़ीमा बिरामी भएर लड़िरहेकी हुन्छे । काम गरेर कमाउन जान तिनी शक्तिनन् । घरमा, पूजासामा किन्न एक पैसा भएको होइन । त्यत्रो ठूलो चहाड़ ! धन दिने देवी लक्ष्मीको पूजा त्यसैको अनुग्रह पाउन, त्यसै पूजा गर्नसम्म पनि, गरिबीले उनलाई दिंदैन । आफ्नो जोरीपारीमा रूमल्लिरहेको आनन्द र मौज उसको ईर्ष्यालु दृष्टिले टोल्हाइ टोल्हाइ हेर्दछ । कामनाले उन्लाई ठेल्दछ, आकांक्षाले अगि बढाउँछ । साथीहरूलाई छोड़दछ, खाने कुरा त्यागदछ, उ एक्लो बन्छ । खायल खायल चहारी उ पैसा जम्मा गर्न खोज्दछ । आमा जत्तिकै दीन बनी, दीनताको विज्ञापन गरी हात फैलाई याचनाको भावले आकाश माथि ताकिरहन उ जान्दैन, उनलाई थाहा छैन । लक्ष्मीलाई बोलाउनु छ, लक्ष्मीको पूजा गर्नु छ, उ यतिकै जान्दछ । धनीले मात्र लक्ष्मी पूजा गर्न हो भन्ने आमाको प्रेरणालाई उ मान्न सक्दैन । उ भित्रको मान्छेले उल्लाई अर्कै बनाई राखेको हुन्छ । माग्नमा मात्रै उ सिमित रहँदैन; चोरेर, लुटेर, जे गरेर पनि बिचरो लाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा सामा जोर्दछ । पूजा मनाई हाल्छ । यो हो गरिबीको दयनीय चित्र ! यो भन्दा अझ तर गरिबीको भयानक रूप 'भय'मा दर्शाइएको छ । यसलाई 'लक्ष्मीपूजाकै अर्को माथि चढेको रूप झट्ट मानि हाल्न सजिलो छ । पैसाको सवाल याने रोटीको सवालले छुरे जस्तो समझदार मानिसलाई पनि कसरी सहजैसंग ज्यानमारा बनाई दिंदो रहेछ ? उसको गरिबीमा रक्तकालीले पनि मलाई रगत ख्वा ख्वा भनेको सुनिन्छ । शायद जहान बच्चाको मायाले हो कि, उ झन झन भयानक बन्दछ । तैपनि चम्चमाएको खुकुरीले काट्न उसमा साहस आउँदैन । कानमा मुन्द्रि भएको ठिटोलाई उ घित्रो समातेर मार्न मार्न खोज्दछ, तर शक्तैन । उसलाई माया लाग्छ, मुन्द्रि लिंदै नलिइकन भाग्छ । गरिबी र मानवताको यो अत्युत्तम संघर्ष हो; विश्वव्यापी द्वन्द हो । आखिर समस्या हल हुदैन । यस्तै हल नहुने समस्या अगाड़ि लिएर 'औंठी' अगाड़ि आउँछ । यसमा नोकरी गरेर खाने सेती चाकरनीको दयनीय जीवनको साँकेतिक चित्रण छ । गरीबको गरिबी नै एउटा अभिशाप हो, जसले कि उसको सारा चेतनालाई सम्म पनि टाउको उठाउन साहस दिंदैन । रामप्यारी दिदीकै औंठी हरायो शङ्का बञ्छन्छ निर्धो सेती माथि । पैसाको यो निर्धोपनाले उसको नैतिक वल पनि निर्धो नै बन्द छ, र सेती सहज सत्य देखेर पनि हच्कन थाल्दछे । मानो सत्य उ जस्तोको जीवनलाई हुँदै होइन । डराइ डराइ औंठी खोजेर पाइदिन्छे । हामी देख्छौं सन्दूसमुनि उ औंठी पाउँछे, तर साँचो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरालाई उ फेरि लुकाउँछे। आशंकै आशंकाले उसको जीवन घेरिन्छ, नभए पनि उ दोपी नै ठहर्छे। आफूले आफैलाई होमेकी उल्लाई पत्तै हुँदैन।

यसरी गरिबीले मानवता माथि, धावा बोल्दछ। जीतको शङ्खनाद फुक्छ। अब मानवता अगाड़ि बढनु पऱ्यो। गरिबीले माथि हात नपारोस। अनि मात्र संसार गिदैन, अनि उँभो लाग्छ। यो नै तत्वलाई व्यवहारिक रूप दिन, चित्रित गरेर सबैले बुझुन्, हृदयंगम गर्न शकुन् भनेर यो कथाले रूप लिएका छन्। हुन पनि आजको वेफुर्सदी संसारमा कथा-साहित्यले जत्तिको ठूलो स्थान लिन सकेको शायद साहित्यको अरू कुनै अङ्गले सकेको होला। बास्तविक जीवनको टुक्रा छर्लङ्ग देखियोस, अध्ययन गरिरहन न परोस, समय घेरै न लागोस। यतिबाटै उल्लाई फायदा होस्। यही त चाहन्छ आजको मानिस। वास्तविक जीवनसंगको असामञ्जस्य उल्लाई मन पर्दैन, त्यसमाको तत्व (जतिसुकै ठूलो नै किन नहोस्) उसको हृदयलाई छुन शक्तैन, न काम बन्दछ। यसैले लेखक एउटा प्रवीण तथा अनुभवी वैद्य हो। रोगी पाठकलाई उसले दिन लागेको तत्व सम-भाग मिलाई, तीतै भए पनि फकाई फुल्याई सेवन गराउन शक्ने उ हुनु पर्छ। यसरी साहित्यमा सरलता हुनु पर्छ भन्ने समर्थन गर्छौं। हुन त कथा नै तत्वको सरलताको नमूना हो। अर्को कुरा पात्र लियाईमा, कथानकको रफ्तारमा, कृतिमताको गन्ध न आओस् भन्ने पनि अनिर्विवाद सिद्ध छ। माथि कै तीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कथा लिउँ। बालक लालको चरित्र-चित्रण गर्न कति कला र कौशलको हातरह्यो, हामी देख्छौं, शुरु देखिनै त्यहाँको वातावरण इत्यादिले उसको चरित्र निर्माणमा क्रमशः कस्तो र कसरी प्रगतिशीलता ल्याइ दियो,हामी देख्तछौं यस्तो किसिमको पात्र उठ्दै, आखिर यतिसम्म पुग्न सक्छ भनी देखाउनु लेखकको ठूलो कल्पना शक्तिको प्रमाण हो। आखिर कुनै मानिस पनि एक होइन, त्यो अनेक हो। साँची भनूँ भने, लालमा भित्रखालि लाल मात्रै भएको भए, उसको साथीहरू, र त्यसभित्र लक्ष्मी पूजाको जमजमाहट नपसेको भए लाल त्यो लाल बन्ने थिएन। यसरी कुनै कथाको चरित्र चित्रणमा वातावरण अत्यावश्यक छ। यस्तै किसिमले लुरेलाई लुरे बनायो जहान र छोराको मायाले, जागीर खोसाइले, र त्यस रातले। इत्यादि। यस्तै चारैतिरका कुराहरू जम्मागरेर आफूले खोजेको एउटा पात्र थपक्क अगाड़ि मूर्तिमान गरि दिनु नै लेखकको सृजनकलाको कौशल र चातुर्य हो। सेतीकै चरित्र हेरौं। हामीलाई थाहा छ, त्यो भित्र कतिको असल छे, उसको नैतिकता कतिको सराहनीय छ। तर वातावरणको ठेलाइमा परेर उ दयनीय भएर देखापर्छ, उ अर्कै बन्छे।हाम्रो मनमा कतिको उकुसमुकुसाहट पैदा हुन्छ। कस्तो रहिछे ? यस्तै अरू पात्रहरू पनि । आफूले आफैलाई कसैले बनाएको होइन। अरूले आफूलाई बनाउँदो रहेछ। मान्छेको आफू आफूमा यसरी सम्बन्ध रहेछ। एकजनामा घेरैको उत्तरदायित्व यसरी पर्दोरहेछ र घेरैमा एक जनाको प्रभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि पर्दोरहेछ। यसरीनै मान्छेमा मान्छेको मेलहुनु नितान्त आवश्यक रहेछ। एक जनाको भलाईले धेरैलाई असल गर्ने, यस्तै धेरैको भलाइले एक जनालाई असल हुँदो रहेछ। शायद यसैले त होला निसाहित्यिक पनि आफ्नो अनुभूति सबैलाई दिन चाहन्छ, सबैलाई बुझाउन चाहन्छ। सबैले फायदा उठाओस् भन्ने शायद उनलाई लागि रहँदो हो। यसैले कुनै लेखकले बोकेको जिम्मेदारी सानोतिनो हुँदैन। आफूले दिन लागेको जुनसुकैकुरा पनि उ तौली-तौली हेर्दछ, उ आफ्नो अनुभूतिलाई आलोचना गरी हेर्दछ। यसरी उ जीवनको आलोचक बन्दछ र आफ्नो अनुभूति सबैको हृदयमा कसरी पुऱ्याउने हो यस्तै बन्धनमा पनि उ आफूलाई बाँधि छ। आफ्ना लेखलाई स्वाभाविक पार्न उ आफैं प्रकृति बनिदिन्छ, उ आफैं लेख बनिदिन्छ। उ यसरीनै आफूलाई बलिदान दिन पनि तयार रहन्छ।

यसरी नै त्यसले जुनसुकै आदर्शलाई पनि वास्तविक पार्न ठूलो यत्न गर्दछ। अनि पुस्तक भित्रको संसार र वास्तविक संसारमा हामी केही फरक देख्दैनौं। अनि मात्र हामी त्यसको कुरा मान्न तयार हुन्छौं। नत्र हामी एउटा भ्रम फैलाउन खोजेको भनेर फ्याँकिदिनसक्छौं। यसैले कथामा तत्व दर्शाउनलाई कथानक, पात्र इत्यादिमा गिद्धर्दृष्टि राख्नु पर्दछ। कुनै कथा पनि सफल बन्नलाई तथा मार्मिक बन्न कथानुकसंग चरित्र चित्रण यस्तरी बेरिएको हुनु पर्छ कि कसैले चालै नपावस्। एउटा पात्रकै केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेरफेरले कथानक कताको कता फर्कि सकेको हुन्छ हामी पत्तै पाउँदैनौं। पत्ता पाउँछौं, तर यस्तो ढिला कि हामी कथा जन्मै नसिध्याई सुख्खै पाउँदैनौं। खास हाम्रो वास्तविक जीवन जस्तै। यसैले त पात्रहरू ज्यूँ दोदेखिने हुन्छन्। लक्ष्मीपूजाको लालमा लेखकको ध्यान बढ्ता खिचिएको छ; कथानक पनि उसंग सँगै दौड़न्छ, माथि देखिन् तलसम्मै। आमा चाहिं पनि नदेखिने हैन, पहिलेको कुराले र उसको लालसँगको कुराले ती पनि देखिन आउँछे। तर तिनी लालकै चरित्र निर्माण गर्न मात्र कथानकमा देखिन आएको हुन्। नत्र त कथाको तत्त्वसँग तिनको केही सम्बन्ध देखिंदैन। तर लुरेको चरित्र खिचाइमा ढङ्ग अर्कै छ। भावनै भावनाले लुरे देखिन आउँछ। त्यतिकैबाट एउटा तत्व युक्त कथा उप्जन्छ। तर 'औंठी'मा तीन जना मात्र देखिन्छन्। तीन मध्ये कुन चाहिं प्रधान हो हामीहरू छुट्याउन सक्दैनौं। कथाको तथ्यबाट सेतीलाई प्रधान बनाउनु पर्ने हो। तर छैन। कथाको मार्मिकता अझ बढन सकथ्यो, भएन, यहाँ खालि कथा कथाको तथ्य मात्र सङ्लिएर प्रधान रूपमा मूर्तिमान भएको छ। चरित्र चित्रण तीन जनामा अल्मलिएकै छ। शायद औपन्यासिक ढंग भएर हो कि ?

हामी 'एउटा पुरानो कथा' र 'कफ्णे र खुकुरी' लाई एउटै कक्षामा समावेश गर्न शक्छौं। हुन त यहाँ विचार र निर्देशन दुवैको भित्रै पाउँछौं; तर पनि आखिरमा यिनीहरूले मूर्तिमान गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खोजेको सँकेत एउटै छ, मानिस कति कमजोर ! सेती चाकर्नीमा जस्तो, समझदार लुरेमा जस्तो, भएको मानिस गुणले आखिर आँशु चुहाउनु पर्छ । साँचो त, 'एउटा पुरानो कथा' जार-काट्नु पाइन्छ भन्ने पुरानो नियममाथि एउटा व्यङ्ग्य हानेको देखिन्छ । यो नियमले कमजोर आचारलाई रोकन कसरी असफल बन्न परेको छ हामी देख्छौं । स्वास्नी पोईल जान्छे, जीत बहादुरमा प्रतिक्रियात्मक भाव उप्जन्छ वीरे माथि । ईर्ष्या, डाह र रीसले उ त्यल्लाई काट्न चाहन्छ । पहिले त स्वास्नीलाई कज्याउन नसकेकोमा आन्तरिक क्षोभले गर्दा र आफूले कम माया नगरेकी स्वास्नी पनि आफ्नो नहुँदा, सेरिएर मर्ने भावनासम्म पनि उसमा जागृत हुन्छ । तर उसलाई थाहा छ, यो उसको ठूलो हार हो । हीनता हो । उ ईख नफेरि छोड्दैन, सबैले उसको हा हा गरेको उ सहन सक्दैन । नामर्द भन्लान् भनेर उ अरूलाई भनी हिंड्छ, वीरेलाई दुइ टुक्रा नपारी छोड्दिन । तर उ मान्छे हो । विचारमा संघर्ष हुन थाल्छ किन मार्ने ? मन पर्छ भन्दैमा पोइल गइसकेकी स्वास्नीलाई फेरि ल्याउने ? वीरेलाई मारेर मायालाग्दो स्वास्नीलाई थाङ्ने माँगने पार्ने ? त्यो बिजोग उसकै आँखाले कसरी हेर्ने ? उसले त्यतिको माया गऱ्या स्वास्नी ! उ सक्दैन । माया, रिस र लोकापवादमा आखिर मायाकै जीत हुन्छ । उसको नैतिकताले दिंदैन, उ त्यसै अल्झिन्छ, वीरेलाई लखेट्न छोड़िदिन्छ, खुकुरीलाई भीरमा फालेर उ हुं हुं रून्छ । मायाले उसलाई दवाइ दिन्छ । उ सजग छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वास्नीलाई विर्सन, स्वास्नीलाई चूर्ण पार्ने विचारै पनि उ लिन डराउँ छ, आखिर मानिसै न हो, मायामै अल्झेर उ जताबाट पनि कमजोर बन्छ । यसरी समस्या हल हुँदैन । यसरी जारलाई काट्न पाइन्छ भन्ने भए पनि अर्काकी स्वास्नीलाई लगेको लग्यै गर्दिन्छ वीरेले ! भावुकताले जीतेलाई खाइदिन्छ । धनबहादुर मात्रै भएको भए पनि वीरेलाई काटिदिन्थ्यो, उसको आमा जस्तो मात्रै भएको भए पनि सहि दीन्थ्यो, तर सचेत मानव बनेर त्यसले रूनु पर्छ । आफूलाई माया नगर्ने स्वास्नीको माया गर्नु माथिको यो उपहास हो । संसारको निमित्त यस्तो मानिस अझ लायक छैन । यसैले यो पुरानो कथा, पुरोनो मात्रै न भैरहेर नयाँ पनि बनेको छ । कुनै स्वास्नी नाठोकोपछि लागिदिई भने उठ्ने सवाल यही हो-सट्टा फेरेर फायदा के ? लोग्ने चाहिंले पनि अझ जाति आइ माइ विहे गरेर नाक राख्न सक्छ । तर आफूले माया गरेकी स्वास्नी पोइल जाँदा पनि चूप लागेर सहि दिनलाई त्यो जड़ त हैन, अचेत त छैन । त्यसो हो भने हामीलाई भन्न करै लाग्छ । जीतबहादुरको जस्तो भावुकता ठीक छैन, उसको नैतिकताले संसारमा सुखको एउटा किरण पनि पाउँदैन । अनि जीतबहादुरले ज्यानमारा बन्नु नै ठीक हो त ? लुरे भागे झैं जीतेले रोएर त काम बन्दैन । यो पनि एउटा अल्झिएकै समस्या हो ।

अनि यस्तै हुन सक्ने समस्याहरू लिएर 'कृष्णे र खुकुरी' अगाड़ी आउँछ । मानवता र फलाम याने विज्ञान (प्रचलित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थमा) यसको हामी अर्थात्मक शीर्षक राख्न सक्छौं। यहाँ पनि लेखकले विज्ञान विषयक पूरा राय दिन खोजेको छ। हातमा हतियार लिनलाई मानिस पूरा बलियो हुनु पर्दछ। नत्र मानिसको मानवतालाई पनि यसले कपलक्क निलि दिएको पत्तै हुँदैन। मान्छौं- विज्ञान उपयोगी छ। तर यसको उपयोग गर्नेवाला कमजोर भैदियो भने, उल्टो विनाशको वाली काटन पुग्छ। कृष्णेलाई थाहा छ खुकुरी जोखिमी छ। उल्लाई थाहा छ, त्यसले काट्यो भने मान्छो भुतुक्कै मर्छ। त आफैंलाई मार्ने खुकुरी, मान्छे किन बनाउँछ ? उसले त्यतिको माया गऱ्या स्वास्नी पनि त्यसले काट्ने वित्तिकै मर्न सक्छे किन ? यस्तै होस भरिएको पागलपन या दुर्वलतामा रम्दारमदै सँगै सुतेकी स्वास्नीको गोरो गर्धनमा खुकुरी उजाएर छयाक्क गरी हेर्छ, तर काट्छ। प्लट यही हो। मानिसको दुर्वलता या अपूर्णताको यो मार्मिक चित्रण हो। हुन त यो शस्त्रमाथि गरी हेरेको लेखकको संभव प्रायः विचार हो। तैपनि हामी कृष्णेलाई पागल न भनी सक्तैनौं। त्यो भावुकता लागेको जँड्याहा मात्रै होइन, उ मगजकै रोगी हो। यस्तो कुरा हामी कुनै सचेत मानिस- बाट (दलबहादुर, जण्ड झगड़िया जस्ताबाट) आशा राख्न सक्तैनौं। कथाको वातावरण र चित्रणमा पहिले देखिनै हामीले कृष्णेको भावना र लहड़ मात्रै पाएका थिएनौं। आफूनै आफूमा नभएको त्यो बरावर चिप्लिएर लड़ने कित्ताको मान्छे देखिन्थ्यो। नभन्दै आखिरमा आएर उसले भयानकै गर्छ-उल्टो हामी उसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

माया गर्न थाल्छौं। किन भने उसलाई आफूले गर्न लागेको काम को पत्तै थिएन। मनोविज्ञान विचार गरी हेर्दा यस्तो कुरा हुन नसकने नभएकोले यसलाई चेतावनीको दृष्टिबाट हामी ग्रहण गर्न सक्छौं। जतिसुकै बुद्धिमान र सहृदय भएपनि, हतियार भएको मानिससंग डराउन पर्ने कारण पनि यही हो। हतियार भनेको नै यस्तो लोभ लाग्दो चीज हो जसले कि हातमा पऱ्यो भने प्रयोगात्मक भावना ल्याइदिन्छ। यस्तो लोभलाई मानव जातिले नै हटाउने उद्योग गर्नु पर्छ। यो त असल कामको निमित्त मात्र हो, जथा भावी इन्द्रियको खुट्टा मल्न खातिर हैन। आखिर हामी देख्छौं स्वास्नीलाइ काटेर कुरूपेलाई केफाइदा भो? भावुक मात्रै बनेर विचार गर्न नसक्नु पनि मान्छेको ठूलो कमजोरी हो, रोग हो।

भावुकता चाहिन्छ, सचेतनताले हिड़ने सरसबाटो नै भावुकता हो। तर यसरी भावुकताले मानिसलाई सोझो मात्रै दौड़न जान्ने, पीड़ा बोकेको जीव बनाइ दिन्छ। यस्तो कुरा पार्थिव जीवनको दृष्टिबाट अवाञ्छनीय हो। कथाकारको उद्देश्यले यस्तै दयनीय पात्रतिर ध्यान खिंचेको देखिन्छ। घेरैजसो कथामा देख्छौं-प्रधान पात्रको जीतमा हार छ, पाएकोमा हराएको छ। वस्तुतः ती पात्रहरू अरूभन्दा कति उच्च उठेका छन्, हामी देख्छौं। तिनीहरूको आन्तरिक भावनालाई हामीले श्रद्धा र सराहना नगरी सक्तैनौं, तैपनि यिनीहरू नै दयनीय छन्। प्रौढ मानिसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र होइन, यस्तो कुरा बालक बालिकामा पनि हुन्छ भन्ने हामी 'निन्द्रा आएन'मा देख्छौं। बाल-सचेतनता पनि कतिको तीव्र हुन सक्तो रहेछ। बाबुको मृत्यु र उसको जन्ममा के सम्बन्ध छ ? छ वर्षकी ज्ञानी बुझ्दिन बाबु टोकनेको लाञ्छना उनलाई लाग्यो, दाज्यूको मुखबाट मात्रै हो र, आमाकै मुखबाट पनि। आफ्नो जन्म यसरी असुद्ध भनी जानेर उ भावुक बनी सक्छे। फेरि बज्यै आएर भनी दिन्छिन्–बा भएको भए राम्रो राम्रो पुतली, पापा खाने कुरा धेरै, ज्ञानीलाई ल्याई दिन्थ्यो। त्यस्तो माया गर्ने बालाई उसको जन्मले समात्यो। उसको चेतना चिरिन्छ। उ सुत्न सकिन, आफू जन्मेर बा मर्नु भएको हो भन्ने अपराधले उल्लाई घोचिनै रहन्छ कस्तो वाहियात कल्पना ! तर विचरी ज्ञानीलाई के थाहा उसको दाज्यूले यो कुरा ख्याल ठट्टामा भनेको थियो, आमाले त्यसै रीसमा भनेकी थिई। उल्लाई यत्तिकै लाग्छ,साँचो हो। यसैले काँच्चै विचारले भए पनि पोलेको स्वरले भन्छे-म जन्मे, अनि राति बा मर्नु भयो। म मरें भने वा फेरि आउनु हुने छ। उसो भए म मर्छु, किनभने ज्ञानीलाई विश्वास छ, वा यहाँ, ज्ञानी उहाँ...ज्ञानी उहाँ वा यहाँ' भन्नेमा यसरी सानै कुरामा भए पनि भावुक बनेर ज्ञानी काहाँसम्मको सिकिस्त अवस्थामा आइ पुग्छे। हून त मानिस असल बन्नलाई भावुक हुनु पर्छ। यो कुरा ज्ञानी वेलुका भातखाने वेलामा ज्ञानी बनेकोबाट झल्किन्छ। यस्तै 'एक घटनामा' कथाकारले आफू भावुक बन्ने प्रयासमा लाग्दा भनेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्, भावुक मान्छेले बौलाहामाथि दया गर्नु पर्छ, अझ दया भन्दा माया गर्नु पर्छ। बौलाहालाई देखी मोहित भई, आनन्दको साधन मात्र संझनु उच्च दर्जाको भावुकता होइन। यसैले यही कथामा, कथाकथनेको भावुकतामा माया मात्र पाउँछौं, दया पाउन्नौं। त्यो बौलाहासित परिचय भएदेखिन उनको करुणाको सागरमा अशान्ति आउँछ। त्यो बौलाहाको गतिविधिलाई निहारी 'ञ' को सास फेर्छ। मानिसवाट घेरै पर भए पनि बहुला मानिसै हो, र उसमा पनि मानवीय सचेतनताहरू बराबर बिम्झंदो रहेछ भनी कथाकार भावुक बन्छ। बहुलामा पनि संसारिक चेष्टाहरू (सौन्दर्य लोलुपता, लिङ्गचेतना, गार्हस्थ्य सुख, इ०) कहिलेकाहिं बहुलट्टी ढंगमा देखा पर्छन्। उ तिनीहरूलाइ लिन्छ, तर छिनमै सवैलाई पन्छाई दिन्छ। यो बिचित्र चित्रण मात्र होइन, बौलाहाका मनोवैज्ञानिक विश्लेपण हो। खुल्ला बन्न सकेको भए यो कथा दिलवहलावको कला मात्र वन्ने थिएन, कथाकारको इच्छाबमोजिम दया र मायाको नाताद्वारा बौलाहालाई अरू सद्दे मानिसको घेरै नजीक ल्याइदिन अझ सजिलो उपाय बन्थ्यो र बौलाहा खालि अरू मानिसहरूको आनन्दको साधन मात्र बनिरहने थिएन। हुन पनि बौलहा दयनीय जीव हो।

कथाकार जहाँ पनि यसरी भावुक बनेर टोल्हाइरहेका देख्छौं। ज्ञानीको अवस्था देखेर 'निद्रा आएन!' भनी उ टोल्हाउँछ। बौलाहाको चरित्र देखेर 'एक घटना!' (शीर्षक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तवमा घटनाक्रमले उत्तिको ठीक होइन) भनी गजब झैं हुन्छ। यस्तै 'एउटा मृत्यु' भन्ने कथामा पनि लेखक त्यस्तै ठाउँमा अड़ेको छ। पहिले उ देखाउँ छ-कसरी मर्न लागेको धनमान साहुमाथि संसारको बाह्य वातावरणले प्रभाव जमाउँदै लैजान्छ, र आखिरमा उ कसरी मर्छ। यसको चित्रण छर्लङ्ग हेर्दा हाम्रो अन्त्यावस्थाको आस्तिक कुराहरूमाथि एक किसिमको रोष पैदा गर्छ। मान्छे मर्न लागेको छ, तँ मर्न लागिस भनेर कसैले भनी दिंदैन। धेरै दिन देखिको रोगी धनमान कोठामा आउने मानिसहरूको भावै भावले बुझ्छ-आफ्नो रोग साह्रो छ। बैद्यलाई बचाई दिने याचनासम्म पनि गर्छ। आखिर अन्त्यदानादिमा बूढाले जीवनको सबै कुराहरू सम्झी मायामा अल्झेर मर्न नसकी अजीब वातावरण खड़ा गर्छ। यस्तै हो भने एक हात सम्मलाई त केही देखिंदैन। तर 'तिमी मर्दैनौ' भन्ने अलिअलि आनन्द पाउने वित्तिकै उ विस्मृतिमा डुबेर मरिहाल्छ। त्यसैबेला तल वरालन परिहाल्छ। कस्तो ओहो, मृत्यु ! भन्ने कवितात्मक भावनाले अनि हाम्रो मगज चक्कराउन लाग्छ। हरेक आचार व्यवहारले मानिसको मनसंग कस्तो सन्बन्ध राख्दो रहेछ भन्ने कुरा स्पष्ट देखिन्छ। मामूली मामूली कुराले असर पार्ने मान्छेको मनलाई कतिसम्म पार्न शक्छ भनी कथाकार त्यसै भावुक बनेको छ।

यी कथाहरूलाई एउटै समष्टिमा लिएर विचार गर्यौं भने मानवताको दुर्वलताको अटेसमटेस पाइन्छ। यसको भिन्न भिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थरिलाई दिग्दर्शन गराउनु नै यी कथाहरूको उद्देश्य हो। खराबी भैरहेछ, सपार्नु परेको छ—कथा यही भन्छ। यसको समाधान कसरी हुन्छ? कथाकार बताउँदैन। उसलाई यत्तिकै थाहा छ यथार्थ चित्रण द्वारा, आफूलाई कुनै समस्याले कत्तिको प्रभाव पारेको छ, अरूमा पनि त्यत्ति नै पारूँ। संसारको चालामालालाई रास्त्री पक्कपरी हेरि रहेको छ—मानो त्योसंसारको नवागन्तुक हो। आफ्नो बाटो बनाउन सकेको छैन। गरीबीलाई देख्छ मानिसमा हुनु पर्ने असल गुणलाई दबाईरहेकोछ, थिचिरहेको छ। मानिसलाई देख्छ-विज्ञानले दानव बनाईरहे छ। मायागर्ने मान्छेलाई देख्छ--उसलाई संसारमा ठाउँ छैन। मान्छेले मान्छेलाई चिन्दैन-एउटा मनले अर्को मनलाई बुझन जानेको छैन। गठ्याङ्ग मठ्याङ्ग छ, गाँठो छ; बाटो साफ छैन, सुगम छैन—जीवन भने चलिरहन परेको छ। घटना न आई पर्खदैन। लेखक जिल्लिएको छ।

यसै कारण यी कथाहरूमा झट्ट हेर्दा चित्रण मात्र देख्छौं। कुनै आदर्श, कुनै रसलाई खुलंखुल्ला दौड़ाएर लैजाने जुन परम्परा थियो, त्यसलाई राम्रै सँग छोड़ेको देखिन्छ। पुराना आदर्शवादि झैं खालि सपनामा यो लेखक लागू छैन। कुनै सुधार वादीले झैं आफ्नो सुधार योजनालाई यिनले अगाड़ि राख्न ल्याएको छैन। जुन समस्या हो, आफ्नो भित्री दृष्टिले बुझेको, त्यसलाई अरूको अगाड़ि राखिदिन्छ। विचार गरून्! कहानीकारको सिद्धान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ—उ कथा लेखिरहेको छ, निबन्ध होइन। उ जीवन देखाइरहेछ। जो कि चलिरहेको छ। यसैले पञ्चतन्त्र जस्ता कथावादीहरूको निमित्त यो लेखक निराशावादी देखिनु स्वाभाविक हो। किनभने जतातै सुखवादी मान्छेको हार देखाउँछ। यसैले खुलंखुल्ला बाटो नदेखाउने हुनाले यो लेखक संसार दुःखपूर्ण देखाउने र विचार नगर्ने पाठकको निमित्त दुरुह जस्तै हुन्छ।

यसैले कथाको अन्तले पाठकलाई सन्तुष्टिको सास फेर्न दिदैन, जोकि बालकृष्ण शमशेरका कथाहरू (फुकेको बन्धन, कैकेयी इ०) मा हामीं पाउँछौं। विश्वेश्वर प्रसादको कथा सिद्धि सक्दा हामी समस्याको समाधान भएको पाउँछौं। तर गोठालेजीका कथाले हाम्रो हृदयलाई चिमटेर, जान्छ, जसलाई, कि बुद्धि विचारले बिर्सनु पर्ला जस्तो। 'लक्ष्मीपूजा'मा बालक लालको पैसा नहुनुको सवाल हल हुन्छ, तैपनि हामी मात्र तयार हुँदैनौं। पुरानो कथाको समस्या हल भएको देखाइएको छ, तर जो कि पूर्णरूपले हल भएको छैन। 'एउटा मृत्यु' जत्तिकै चित्रण प्रधान भए पनि अरू कथाहरूको पनि विशेष महत्व जीवन दर्शाउनुमा नै छ। प्रेरणा स्वरूप हुनु नै यी कथाहरूको विशेष महत्व हो।

कहानीकारको यो गुणलाई समर्थन गर्नको खातिर हामीले भन्न सक्छौं कि-कथाहरू यस्तो भएको नै एक किसिमले जीवन दर्शाउन खोजिएकोले हो। कुनै काल, कुनै परिस्थिति र कुनै ठाउँको पृष्ठभूमि पारेर साँचो साँचो जीवन देखाउँदा लेखकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो टिका-टिप्पणी गरिदिएन भने हामीले यस्ता रूपमा त्यसलाई पाउँछौं। हुन पनि बुझ्ने हरूले साहित्यलाई युगको छाप हो भनी राम्रो परिभाषा दिंदा भूल गरेका थिएनन्, र लेखकले पनि यही परम्परालाई बरू अपनाएको देखिन्छ। कथाहरूको पृष्ठभूमिमा नेपालको रीतिरिवाज, संस्कार र बूढीरूढ़ी देखिनाले मात्र हामीले यत्ति भन्न शक्तैनौं, अपेक्षतया यहाँ चित्रित भएका पात्रहरू नै पनि नेपालका भएर घेरै अंशमा मूर्तिमान हुन खोजेका छन्। वास्तवमा प्रस्तुत कथा संग्रहमा दुइथरीका मानिस देखिएका छन्। एक किसिम छन्-जस्तो आयो उस्तैमा रमेर जाने, उसलाई मानो केही पर्वाह नै छैन, अर्को थरी वातावरणको ठेलाइमा सजग भएर विचार गर्न खोज्ने, तर ज्ञान उत्तिको चौड़ा नभएकाले कुनै समस्याबाट पनि राम्ररी फुत्कन नसकेका। साँच्चि भनुं भने पहिलो कित्ताका मानिसहरूको नेपालमा घेरै सुभाव छ। 'औंठी'को सासू बज्यै, 'पुरानो कथा'को आमा, लक्ष्मीपूजाको आमा, 'निन्द्रा आएन'मा बज्यै इत्यादि पात्रहरू सबै एकै ढङ्गका छन्, जो कि बूढी-निर्दोषपनसँग आफ्नै धूनमा कुरा गर्छन्, तर वास्ता गर्दैनन् कि उनीहरूको कुराले अलि विचार गर्ने मानिस माथि कस्तो प्रभाव पर्दै जान्छ। 'एउटा मृत्यु'मा वैद्य पनि एउटा यस्तो विशेष पात्र हो, जो कि हामी दैनिक जीवनमा बराबर भेट्छौं-जहिले पनि त्यही किसिम। 'औंठी'माको दुलही बज्यैको सेती माथि ईर्ष्या, देखेर हामी दङ्ग पर्छौं। 'एक घटनामा'को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बौलाहाद्वारा समातिएकी तरूणी पनि हामी विशेषत यो नेपालमा देख्छौं। शिक्षित नभएका तर भावुक बनेर विचारसम्म खेलाउन शक्नेसम्मका मानिसहरू कथामा प्रधानपात्र बनेर देखापर्छन्। तिनीहरूको चलाइ, हिंड्ाइ, विचार गर्ने ढंग इत्यादिले हामीलाई नेपाली सम्झाउँछ, यद्यपि यस्ता पात्रहरू कम भेटिन्छन्। 'जीते' जस्ता मान्छे हामी धेरै भेट्तैनौं तापनि धनबहादुर जस्ता नै न भए पनि हामी त्यस्तो मान्छे देख्छौं जसले कि रीस फेर्नुको तथा बेइज्जत गर्नुको भावनाले पोइल गई सकेको स्वास्नीलाई बजार बजार रण्डी भनी चिन्हाई हिंड्छ। कि होइन भने कर्मवीर जस्तै बजारमा फलाक्छ। बौल्हा मानिस आनन्दको साधन बन्नु पनि याहाँ कुनै ठूलो होइन। 'एउटा मृत्यु'मा त पूर्णतया मध्यम कक्षाको दैनिक जीवनै देखिन्छ। 'औंठी'मा दुलही बज्यैको लोग्नेले भात नपाकेकोले भान्छै नगरी अड्डा जानु यहींकै परम्परा झल्काउँछ। यसैले पश्चिमी शिक्षामै हुर्किएकै भए पनि त्यसैमा नभुली लेखकले साझ्नो समाजलाई देखाउने लोभ लिएको स्पष्ट देखिन्छ।

शायद यस्तै भएर होकि यी कथाहरू घेरैजसो भावना-प्रधान भए पनि कथा खालि भावनातिर मात्रै उड्को नदेखिई, समाजका कुराहरूमा सँगतै तथा सुहाँउँदो नै चालले टेक्दै टेक्दै दौड़ेको देखिन्छ। यसले चल-चित्रमा झैं 'लक्ष्मीपूजा' भन्ने बित्तिकै हामी कथानकको साथसाथै लक्ष्मीपूजाको जम्जमाहट देख्छौं। 'एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृत्यु' भन्दा पनि हामीले अन्त्यदानादि र कर्मादि पनि सबै देख्छौं ।

हुन पनि साहित्य भनेको नै त्यस्तो हो्स, जसद्वारा कुनै सभ्यता र संस्कृतिलाई नाप्न सकियोस । यस्तो नभएको साहित्यलाई हामी कृत्रिम भन्न सक्छौं । आफ्नो जीवनलाई राम्रोसँग विचार गर्न सक्ने पनि मान्छेलाई त्यही साहित्यले बनाउँछ जसले कि जीवन (याने चलिरहेको)लाई सोह्रौ आना उतार्न सकेको छ । संसारले सफल साहित्य पनि त्यसैलाई भन्न सक्छ । किनभने यसले साहित्यमा मात्र होइन कि जीवनैको पांग्रामा पनि प्रगतिशीलता ल्याइदिन्छ । 'सत्यं शिवं सुन्दरं' को परिभाषामा 'सत्य' शब्द पर्न आएको पनि यसैको निमित्त होइन भनी भन्न शक्नैनौं । शिव र सुन्दरतिर जाने पहिलो सिंढी नै सत्य हो ।

तर यस्तो भन्दा विचार गर्नु पर्ने कुरा एउटा यहाँके छ ? भने, कहानीकारको ध्यान, कि त एकै ढङ्गका मानिसहरूमा मात्रै गएको छ, यात एउटै पात्रलाई भिन्न भिन्न समस्यामा राखी हेरेको छ । किन भने लेखकको मूल भावना एउटा मात्रै भएर हो कि; पात्रहरू दोहोरिएर भिन्न-परिस्थितिमा भिन्न जस्ता मात्रै देखिन् खोजेकाछन । बालक लाल, लुरे भएर ज्यानमारा बन्न खोजेको देखिन्छ; कहीं सेती भएर दयनीय हुन्छ । कहींचाहिं ज्ञानी बनेर उल्ले सान्त्वनै देख्तौन । जीतेको अवस्थामा आइ पुग्दा त उल्ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समस्याबाट फुट्कने उपायै देख्तैन । लक्ष्मीपूजा गर्ने लहड़ जस्तैमा रमेर उल्ले कृष्णे बनी स्वास्नीलाई पनि काटिदिन्छ । धन्मान साहुको अवस्थामा पन्ग्यो भने त्यस्तै दयनीय भएर मर्न सक्तैन भनी भन्न सक्तैनौं । अरू कित्ताका पात्रहरू पनि (शायद एउटै ठाउँ विशेष पृष्ठभूमिमा चित्रित गरिएकाले हुन कि !) बराबर दोहोरिएका देखिन्छन् । अथवा यसो पनि भन्न सकिन्छ-भित्रको चेतन बुद्धिमा फरक नभएकाले यी पात्रहरूको वैज्ञानिक चरित्र अलग अलग न छुट्टिई एउटै ढङ्गका पात्र भएर देखा परेका छन् । भिन्न भिन्न सिद्धान्तवाला नभएर पनि यिनीहरूमा केही फरक नदेखिएका हुन सक्छ ।

जे होस लेखकले साँचिको कथा कथ्ने भएर कथानकै द्वारा कारण र नतिजाको तर्कयुक्त सामञ्जस्य मिलाई समस्या अगाड़ि राखेका छन् । फ्राड़पंथीमनोवैज्ञानिक विश्लेषणद्वारा त्यो समस्याको मानिससंग सम्बन्ध दर्शाएका छन् । पात्र ज्यूंदो र समस्या सत्य देखाउनलाई, हुन पनि यो कुरा अनिवार्य छ । नत्र स्वाभाविक न देखिनु नै कुनै अप्राकृतिक होइन । साहु धनमानको मनोविज्ञान हामीले थाह नपाएको भए, वेर थिएन 'एउटा मृत्यु' कथामा हामी स्वाभाविकता पाउने थिएनौं—र कथा लङ्डो बन्थ्यो । तर 'निद्रा आएन'मा ज्ञानीको आमाको मनोविज्ञान दर्शाउन आखिरतिर आएको एउटा जुन पारा छ, त्यो अलि खट्कने कुरा हो । बज्यैको आँखाले देखाइरहेको आश पनि उपो देखिन्छ । 'आँठीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सहनैको निमित्त उसलाई बनाएको हो क्यारे' र अरू कथाहरूमा पनि यस्तै कुराहरू मनोवैज्ञानिकविश्लेषणको सहायक नभै कहानीकारका टिका-टिप्पणी स्वरूप देखापर्न आएका छन्। वास्तवमा कथाहरू जुन सतहमा बगेका छन्, त्यसलाई कहानीकारको आलोचनात्मक वाक्यहरू नसुहाउँदो मात्र होइन कि; असंगत नै देखिन्छ।

कथाको प्रवाहलाई विचार गर्यौं भने पनि धेरैजसो कथाहरू एकभन्दा बढी ठाउँमा विश्राम लिन खोजे झैं हुन्छ। 'निद्रा आएन' मा त ज्ञानी भान्छा गर्ने वेलामा नै कथा एउटा सिद्धि सक्छ र अनि फेरि त्यही कथा उठेर अगाडि बढ्छ। 'एक घटना'मा त हामी कथाको तीन टुक्रा जस्तै पाउँछौं। औंठीमा पनि कथाको चरमसीमा सेतीले औंठी पाएको ठाउँमा नै आइसकेको थियो, तर त्यसको क्रमशः गएर आखिरमा खतम हुन जान्छ—हुन त सारा, कथाको अझ बलियो सार त्यहीं बज्रन आउँछ हो। जे भए पनि गोठालेजीको कथानकको ढंगै यस्तो रहेछ कि गंभीर भावले प्रवाह उठ्दै जान्छ, अनि खस्छ, अनि उठ्दै खस्छ—मानो रोगी चल्मलाउला भनेर इन्जेक्सन दिई अपरेशन गरे जस्तो, आखिरमा भनिसकेको हुन्छ।

अब भनौं, नेपाली साहित्यमा गोठालेजीको आफ्नै मौलिकता छ। कहानी-कलामा पल्हाएको नवीनता छ। अहिलेको यो संग्रहमा हामीले विशेषतया दुइ कित्ताका कथा पाएका छौं। एक किसिम छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घट्नै घट्नाले चरित्रलाई निर्माण गर्दै लैजाने–'एक घटना' 'कृष्णे र खुकुरी' जस्तै। अर्को छ—एउटा कारणले चरित्रलाई कस्तोसम्म बनाइदिन्छ भनी बताउने। तर उनको यो आफ्नै 'पन' हो। कहानी, नाटक, उपन्यास अथवा जे होस, यस्तै हुनु पर्छ भन्ने कुनै नियम तथा मत छैन, राम्रो पनि होइन। हामी चाहन्छौं सत्य कुरा, साहित्य भएको हुनाले यसले सबैको हृदयलाई परिमार्जन गर्न सकोस भनी इच्छा राख्छौं, यसैले सारा जनताले बुझ्ने किसिमको सरल स्वाभाविक होस् भनी आशा तर्कसंगत पनि हो। किन भने साहित्यमा प्रचारको प्रचुर मात्रामा ठाउँ छ, दिनु पनि पर्छ। भने नेपाली साहित्यमा पनि पनि हामी यही गुणको किन माग न गरौं ?

—(२००४ अंक ६।८ शारदा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निबन्धकार 'हृदयचन्द्र'

र

उनको 'तीस रूपियाँ नोट'

विचारहरू पोख्नु नै लेखलाई निबन्धमय पार्नु हो भन्नेहरू नभएका होइनन्, तर बहस नै त निबन्ध हो भन्न सकिंदैन। आफ्नो अनुभव बताउँदा लेखक कथा भन्नेको समीप आउन सक्छ। आफ्नो अनुसन्धान जाहेर गर्दा त्यो मौखिक वैज्ञानिक पनि बन्न सक्छ। अनि कुनै कुरालाई आफ्नो तर्क तथा बुद्धि विचारले काटकूट पारेर देखाइ दिंदा (उदार अर्थमा) त्यो समालोचक पनि बन्न सक्छ। यति मात्र होइन; पत्रकारको समस्याले ओतप्रित भएको सामायिक लेखले पनि निबन्धको दर्जा पाएको कसलाई मात्र थाहा छैन ?

वास्तवमा कुनै लेख अथवा सामूहिक अक्षर पढ्दा हाम्रो विशेष ध्यान त्यसको सर्माष्ट सन्देशतिर हुन्छ, न कि त्यसको छाँट र काँटतिर। नमान्न सकिंदैन, कुरा गराइ सरस हुनु पर्छ, तानिने बन्नु पर्छ। तर पाठकको वास्तविक माँग के हुन्छ, त्यो यतिमै सीमित छैन। बहसबाट निक्लेको, खोजीबाट देखिएको, इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादि जुन निचोड़ छ, त्यही नै निवन्धको सञ्चालन-केन्द्र हुन्छ र पाठकले मूल्य चुकाउने काम पनि त्यहीं आएर गर्दछ ।

निःसन्देह, लेखमा दिइएको विचार व्यक्तिगत हुन सक्छ । व्यक्तिको छाप हरेक किसिमको लेखमा हामी आंशिक मात्रामै भए पनि पाउँछौं । अनि मौलिकताको नापो पनि यतैवाट लाग्दछ ।

हृदयचन्द्रजीको 'तीस रूपियाँ नोट' पढ्दा शुरू देखिन् हामीलाई लाग्ने कुरा पनि यही हो-सिद्धान्तले, होइन कि वक्ति आफ्नो व्यक्तित्वले लेखकलाई गुड़ाउन खोजीएको रहेछ । सजग र सचेत बनेर जीवनसँग राम्ररी लाग्न सकेको लेखकलाई यस्तो कित्ताको लेख सफलसँग लेख्नु कुनै गाह्रो काम होइन । पार्थिव जगत्को प्राणी भएर उ हिंड़न सक्छ, दौड़न सक्छ, र हवाइजहाजद्वारा उ उड्न पनि सक्छ । सहजतया हामी मुनासिव आशा पनि राख्तछौं कि त्यो मानिस हो, पृथ्वीकै ।

'तीस रूपियाँ नोट'को नेपाली पृष्ठभूमिमा हृदयजीलाई हामीले विचरीरहेको भेट्टाउनु वहाँको नेपालीपनलाई मूल्यांकन गर्नु जत्तिकै हो । विशाल संसारैमा उथल पुथल मचाइ दिने महासमरले नेपाली जीवनमा आर्थिक संकष्टको जुन भूत चढाइ दिएको छ, त्यतैतिर औंल्याउनु नै यो निवन्धसंग्रहको चेष्टा हो । आफ्नो मन परेको कमलले लेखेर लेखकको सम्मानस्वप्न देख्नु एउटा अर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा छ। नत्र त आर्थिक-संकटले गर्दा संसारमा शान्तिको पुकार र भक्ति मात्र बाकि रहनु नै ग्रन्थको मोटाउने मसाला छ।

हुन पनि हिमालयको काखमा लुकिरहेकै भए पनि, बाहिर फेरा उठेको दोश्रो महायुद्धको लहरले नेपाललाई न छोई छोड्ने। लुगा, तेल, चिनी इत्यादिमा 'कण्ट्रोलको' जबरदस्त शासन नरही भएन। तर चोर बजारको प्रभाव बड्यो, जीवनलाई आवश्यक कुराको भाउ जित्रो टोकेर सुन्दा पनि सह्य बनिदिएन। घर बनाउन जान्ने मानिसले अन्न तथा यस्ता आवश्यकहरू पछिको कुनै स्वार्थि लोभले घर भित्र लुकाइराख्न जाने। आफ्नो स्वार्थको अगाड़ि पराइ स्वार्थको ढक माथि झुन्डिन थाल्यो। तेल किन्न जाँदा तीतो अनुभव गर्ने अवस्था आइपऱ्यो। मीठो र स्वादिलो कुरालाई अब तिलाञ्जली दिनु पऱ्यो। मकै र भटमासलाई पनि हितकारी 'बाबा'हरू भान्न करलाग्यो। नत्र प्राण-संकटको डर आइ लाग्यो। माग्नेले पनि दुइ पैसाको सट्टा चार पैसा माग्न थाले, किनभने बजार महँगो छ। कागको पेट भरिन्छ, विचरा सुधो कुक्कूरको पेट खोक्रो नै रहने भयो। आर्थिक संकट देखि त्राहिमाम् भएको हृदयचन्द्रजालाई ठूलो एकादशी जस्ता उपवासमा विस्वास र आस्था रहन थाल्यो, किनभने यसवाट अन्नको यथेष्ट मात्रामा किफायत हुन्छ। पुङ्को बन्नु पनि यो खाद्य-संकट र वस्त्र-संकटको युगमा पुनसको कमाइ नमानी सुख भएन। अरू बाटो नै पनि के रह्यो र?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घंटाकर्ण जस्ता अशान्तिको प्रतिमूर्तिलाई सालबसाली नाशेर शहर बाहिर गरि दिएको चलनद्वारा पनि मानिसले संसारमा शान्ति स्थापना गर्न सकेनन् 'आफू र पराइलाई एकै देख्न नसक्नुको' गुणले गर्दा मानिस मानवताको चरम् सफलतावाट बञ्चित भएकै देखिन्छ । जावो केटाकेटी अवस्थाको 'तीस रूपियाँ नोट'ले त मानिसलाई कतिसम्म बनाइ दिंदो रहेछ भने धनको आँच घेरै बलवती रहे छ । तर यसो भनेर भावुक बनी, बदलीछाँया जनुहारमा लिइ राख्नु बुद्धिवाला जीवलाई सुहाउँदो कुरा होइन । चारैतिरको वातावरणले बेमौजी अनुभव ल्याउन खोजे तापनि हर्दम ऐनाहेरेर आफ्नो चेहरा हँसिलो र हिस्सिमय पारि राख्नु ठूलो बुद्धिमानी र मानव कल्याणकारी औषधी हो । लेखकको निमित्त नयाँ कलम पनि एउटा दिलचस्पी मन आनन्द दिने साधन हो । लौकिक सुख र सत्कारको प्रलोभनमा लेख्नु उनको स्वप्न मात्र थियो, चैन थिएन । अब सारालाई बलिदान दिएर मानव मानवको निम्ति भनी कमलले ढिंढोरा पिटिदिनु नै सार्थक सम्झनु हो । अनुभवले बताइरहेकोछ—व्यक्तिगत स्वार्थले संसारमा केही फल्दैन । चोर बचारको कसाई घरलाई हटाउने नै हो भने मानवताको प्रचार जरूर हुनु पर्छ । खालि घण्टाकर्णको प्रथाले कसरी हट्ला र ?

यसैले हृदयजीको आखिरी सन्देश यही छ-'आजको जगतमा छक्का पंजा नजान्ने सीधा साधाहरूलाई ठाउँ छैन । सुख शान्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहना भए तिनीहरूको निमित्त एक मात्र यही उपाय छ। प्रकृतिनिर फर्केर घाँस-पात र माटो बालुवालाई खान जान्नु र तिनलाई मिठो पार्न सिक्नु वेस।' होइन भने, संसारलाई शान्तिमय पार्नाको निम्ति सारा मानिसले एक भई सुख र शान्तिको लोभ र मोहलाई छाड़ि दिनु आवश्यक छ। या त प्रतिघात र हिंसादारा तिनलाई खोज्न नपर्ने सुख शान्ति त मानिसको निमित्त जतातते पारिरहने चीज हुने छन्। यसरी लेखकले देखि रहेकोछ—मानिसले मानिसलाई बिगारी रहेको छ, अज्ञानता र इन्द्रियको वशमा परेर आफ्नो-अफ्नो गला घोटिरहेका छन्। यो मानवसमाजको अधोगति हो, कलिजुगी स्थिति हो। अनि प्रकृतितिर नफर्की के गर्ने? इच्छा घटाउने सिद्धान्त नलिई भाबुक दिलले शान्ति पाउने नै भएन।

यसैले हरेक युग मताविक, यो आर्थिक संकटको युगमा पनि हृदयजीले (स्वप्न संसार) देखिरहेको छ—त्यो संसार जहाँ क्रय विक्रयको बजार लाग्दैन, जहाँ पराइ र स्वार्थको भाव शून्य छ, खाँचो छैन, जहाँ 'दया' भन्ने असल गुणले मानवताको पवित्रता-लाई दवाउन नपरोस्। यति मात्र होइन। त्यहाँ एक्लो व्यक्तित्व भन्ने नै नरहोस्, जो कि स्वार्थी भावनाको उत्पत्ति केन्द्र हो। जसले गर्दा विशाल विश्वमा 'घर' भन्ने एउटा क्षुद्र बिन्दुले समेत संस्कृतिलाई पंगु बनाइरहेको छ। मानापमानको भावले गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संसार अमहात्मामय छ, दयनीय छ । यसैले निबन्धकार चाहनु हुन्छ—जस्तो संसार एउटै छ, मानवता एउटै छ, त्यस्तै यहाँका प्राणीहरूको चेतना र चेष्टाहरू पनि एउटै समान संतुलित अवस्थामा रहून् । प्रतिद्वन्द्वी अवस्थामा न आओस् । असमानताले नै गर्दा दुःखहरू उज्जिरहेका छन् । कल्पना गर्ने विषय हो—कति रमाइलो संसार जहाँ सुख र शान्ति त त्यसै फालाफाल परिरहेका छन्, लोभ र मोहद्वारा खोजिने अप्राप्य होइनन् । पशुपंछीको ईर्ष्या लाग्दो जीवन भन्दा पनि अझ सुखी मानिसको जीवन बन्थ्यो जसले यथेष्ट प्राकृतिक खाना पाउँथ्यो, स्वच्छन्द हिंड्न पाउँथ्यो, न डर न भर, न केही न केही । त्यो आनन्दी समाजमा मानिस मानिसको सम्बन्ध भन्नु नै खालि प्राकृतिक नियम मात्र हुने छ, बुद्धिको तकलिफ भन्नु नै स्त्री-पुरुषको चाहना र मातृत्वको सामयिक लहर मात्र हुने छ । हृदयजीको वमोजिम यही मानवको कल्याणकारी स्थिति हो; र संसारमा शान्तिको घाम ल्याउन न सक्ने हालको मानवको गति र सभ्यतालाई मोड़ेर यही जङ्गली युगमा फर्काउनु पर्छ । अनि मात्र संसारमा सुख र शान्तिको राज हुने छ ।

यही निर्देशन् र यही राय, हृदयजीले आर्थिक दुर्दुरताले गर्दा कलियुगको फन्दामा परेको मानव-समाजलाई हास्यरसमा घोलेर पिलाउने युक्ति रचेका छन् । कल्याणगर्ने भावना भैकन साहित्य भनेको विचार अथवा कल्पना मात्र होइन, मनोरञ्जनको साधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि हो भन्ने उहाँको विचार झल्किन्छ। हुन पनि सरल र सुबोधगम्य हास्यरसको पुट भएको साहित्यले छिटो छिटो फराकिलो स्थान लिन्छ, र अरू बढता त्यो साहित्यको सार्थकता धेरै मात्रामा पुग्छ पनि। यो संग्रहमा परेको 'घर' शीपर्क निबन्धलाई प्रायः उतिको चाख लिएर अध्ययन न गर्न सक्छन्, न चाहन सक्छन्। तर अरू लेखहरू हृदयङ्गम गर्नलाई हँसाउने जुक्तिले धेरै मद्दतदिएको छ। हुन त, लक्ष्मी-निबन्ध-संग्रहको र यहाँको हँसाउने पन भिन्न छ, हो। लक्ष्मीप्रसादको निबन्धमा हास्यरस मानो अभिन्न तत्व देखिन्छ। यहाँ हृदयजीको निबन्धमा भने शब्द र भनाइले हँसाउन खोजिएको छ। महात्मा र बाबा इत्यादि शब्द तथा वाक्यांश झिकेर हामीले 'मकैर र भटमास'को निबन्धलाई 'घर' निबन्ध जस्तो रूखो बनाउन न सक्ने होइनौं ?

जे भए पनि हास्यरस द्वारा जस्तो सुकै गहन तथा कठीन विचारहरू पनि सामान्य मगजमा हलुका र सजिलोसँग घुसाउन सकिन्छ। उसमाथि व्यक्तिगत हिसाबले आफ्नै कहानी तथा अनुभव जस्तो गरेर लेख्नु पनि, निबन्ध जस्तो गहन विषयलाई सरल र बुझिने गराउनु हो। प्रस्तुत निबन्ध-संग्रह पनि धेरै जसो 'म' बाट शुरू भएको, पाठकहरूले कोही साथीको कुरा सुने जतिकै गरी मज्जा लिन सक्छन। अझ आफ्नै अनुभव बताउनु जस्तो गरेर प्रसंगवश जटिल बिचारहरू भन्दै गएपनि पाठकलाई पट्यार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्ने हुँदैन । मेरो नयाँ कलममा वीचतिर कुरै कुराले स्वदेशी र विदेशीको कुरा आयो त पाठकले मजैसँग हृदयङ्गम् गर्दछन् ।

यसैले सबै द्वारा बुझिने हुनु साहित्यलाई नितान्त आवश्यक छ । शिक्षित तथा विचारवान् समाजमा मात्र सीमित रहन् खोज्नु साहित्यको ठूलो अवगुण हो, विचार-विमर्शको पूल जस्तो भइरहेको भाषा सबैले बुझिने हुनुपर्छ भन्ने पनि यसैले निर्विवाद सिद्ध छ । 'साहित्यको संसार र दैनिक संसार जस्तो एउटै छ, साहित्यिकले लिने प्रश्न र जीवनले लीने प्रश्न जस्तो उही हो, त्यस्तै साहित्यको भाषा र बोली चाली भाषा पनि एउटै हुनुपर्छ' भन्नेमा धेरैको रायले भेद खान सक्तैन । हो, परीमार्जित हुन सक्छ, सभ्य हुन सक्छ, तर साधारण पाठकलाई चट्टान फोड्नु जत्तिकै कठीन भै दिनाले त्यो भाषाले साहित्यको पायदा कसरी बाँड्ला— भन्न शक्तैनौं । शब्द प्रयोगले गर्दा हृदयजीका निबन्धमा पनि साहित्यिक उद्देश्यहरू धेरैजसो सफल होला भनी आशा गर्न सकिने होइन । वहाँको हास्य-रसै पनि कति ठाउँमा खेरजान सक्छ—संभव प्रायः विचार हो ।

सबै विचार गर्‍यौं भने यो प्रथम संग्रहले भन्छ नेपाली निबन्ध संसारमा हृदयजीले आफ्नो नयाँ बाटो बनाउन खोज्नु भएको छ । आफ्नो जीवनलाई विचार गरेर लेखहरू लेख्नु नै वहाँको साहित्यिकपन हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैले वहाँको यस प्रथम संग्रह सफलता र असफलता भन्ने गुणवाची कुराहरूमा आएर टुंगिन तुरन्नै सकोइन, नयाँ पथको केही नवीनता नै यसको गुण छ। गतिशील लेखकको प्रचुर यस्तै साहित्यहरू प्रकाशमा आए भने भविष्यमा यसको मूल्य सफल अथवा असफल भनेर आँक्न सकिएला, अहिले त लेखकको नयाँ पथमा हिंडने दुःसाहसिकता र नूतनता प्रति झुकाव यसकै सराहना मात्र गर्नु प्राकृत होला ।

(२००४ अंक ९ शारदा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गद्य कवि 'जनार्दन शमशेर'

र

उनको 'प्रेमी-प्रतीक्षा'

कविहरूले आफ्नो भावप्रकाशनको माध्यममा स्वतन्त्रता पाउनुपर्छ, यो अवश्य हो। बुझिने हुनु पनि प्रकाश-जगत्मा आएको कविताको प्रधान अंग हुनाले कविले जुन सुकै किसिमका माध्यमलाई पनि अपनाउन सक्छ। मानिएकै कुरा हो, पद्यलाई हामी कविता भन्दैनौं, न गद्यलाई नै। आफ्नो भावप्रकाशनको सुगमता र सरलतालाई हेर्दा कविहरूले छन्द, मात्रा तथा लय, जे भए पनि पक्रनु पर्ने जरूरी रहन्छ। अनि भावना तथा अन्तरद्वन्द्वहरू जुन तरह, जुन तर्जमा उर्लिरहेका छन्, त्यसैमा स्वर तथा शब्द प्रकट गर्दा तत् तत् रूप निस्कन सक्छ, प्रकट गराइको शैली हेरी यो गद्य-कविता हो, यो पद्य-कविता, भनी छुट्याउने भाराचाहिं पछिलाई रहन्छ।

वास्तवमा पद्य अथवा गद्य त एउटा द्वार हो। जसद्वारा हामी कविको अन्तस्तलमा घुस्छौं र कविको स्व-अनुभूतिलाई हामी आफ्नो जस्तै गरी भोग्छौं। यसको निमित्त, याने पाठकहरूको कल्पना-शक्तिलाई नै लोभ्याएर लैजानको निमित्त, शब्दलालित्य, अलंकारिता र ध्वन्यात्मकताको जरूरी नै छैन भन्ने कुरा त हैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर यस्तो द्वार प्रस्तुत गर्न नसक्नु कविको गद्य अथवा पद्यमा लेख्नुको दोष हैन बरू कवि हुनुमानै दोष रहेछ, उल्ले आफूले गरेको आन्तरिक अनुभवलाई नै राम्ररी स्पष्टसँग चित्र सकेको रहेनछ, अनि प्रकट गर्दा कमजोरी देखिंदो रहेछ। पाठकको (Mood) मानसिक स्वभावलाई पनि मोड़ी कविकोमा बदल्नसक्ने रहेछ।

यसैले कविको भाषा गद्य अथवा पद्य कुनै पनि हैन, तर दुवै हो। किन कि कविको भावसंग मात्र प्रेम हुँदैन, शब्दसँग पनि हुन सक्छ। शब्दलालित्यले पाठक त लोभिन्छ भने कविको झन के कुरा ? उक्तिको ढंगमा त लेखक अनि पाठक दुवै लहसिने भैहाले। अनि गद्यकविले यसैले आफ्नो गद्य भाषामा भाव ओकल्न सकेको हुन्छ र पाठकलाई लोभ्याउँछ, पद्य कविले पनि यसरी नै आफ्नो पद्यमय भाषाद्वारा पाठकको मन र ध्यानलाई खिच्न सकेको हुन्छ।

निःसन्देह हाम्रो साधारण जीवनमा कविहरूको समेत पनि बोली-चाली भाषा गद्य हो। कति कविता पनि हामी गद्यनै बोल्छौं। तर यसो भन्दा हामीले कवि नभएकाहरूले पनि, कथा उपाख्यान तथा नियमहरू समेत भाका हालेर वाँच्न सुन्नमा घेरै चाख लिने गरेको पनि भुल्नुहुँदैन। सार मतलव निकाल्दा यसो भन्नु पर्छ, कविताको भिन्नै क्षेत्र भिन्नै महत्व छ भन्ने कायम नहुञ्जेलसम्म कवि या नन-कवि दुवैले लिखित साहित्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पद्यभाषाको बोला-बाला सम्झन्थे । अनि अर्थ फोड्दा शब्दहरू तलमाथि पर्नाले चट्टान फोड्नु जतिकै नभए पनि विद्वान् टिकाकारहरूको आड़भरोसा चाहिए पनि, लयमा व्याकरणको नियम न नाघे भयो । तर यस्तो परतन्त्रता र शब्द, छन्द इत्यादिको जालबाट मुक्त हुन चाहने कविहरूको जन्म भएपछि, स्वतन्त्र छन्द गीतिलयमा आफ्नो प्यारो भावलाई हुर्काउन थाले । गद्यमा बोली-व्याख्यान गर्ने सानिसको निमित्त अस्वाभाविकता अझ छँदै थियो । मनुष्य-जीवनको समस्या संसारमा गांठिदै गएपछि, विचारको साथसाथै भावनाहरू पनि क्लिष्ट र गाढ़ा हुँदै गएपछि, लय, छन्द र साँचामा ठ्याक्क मिल्ने शब्द खोज्ने-पुर्सदै कहाँ र ? लय, छन्द खोज्नु पर्ने नै आफ्नो भावनाको स्वाभाविक प्रभा बल्याउन न हो । अनि भावनाको स्फुरण जुन शैलीबाट भएको छ, शब्दरूपमा प्रकट गर्नेहरूले उस्तै कोर्न थाले । अनि कहीं लय मिल्यो, कहीं मिलेन, कहीं पद्यको रूप लियो, कतै गद्यको । यसरी जथाभावी लेख्ता लय र मात्रा मिलाउन नपर्खदा वरू अल्छी भनाउन कबूल गरे । हामीहरूलाई चाहिएको भाव हो कि भाषा हो, बोक्रा हो कि गुदी हो ? भन्न थाले । आनि उथल-पुथल मच्चिदै आएको संसारमा 'रस एवं साहित्य' भनी रम्न पाउने शान्त र रमाइलो वातावरणको जमाना बितेपछि मानिसले साहित्य पनि जीवनको निमित्त भनी माग्न थाले । तब कोरा यथार्थता र वास्तविकताको बोलाबाला आजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यले गर्न खोजेको देखियो। यसैले आफ्नो लामो भूमिकामा गद्य-कवि जनार्दन शमशेरले कविहरूको शुद्ध भाषा गद्य नै हो भनी अपील गर्दा आश्चर्य नै पनि के र।

हुन पनि प्रेमी-प्रतीक्षा काव्यमा जनार्दन शमशेरलाई आफ्ना भावहरू गद्यको सहारालै पोख्न खोजेको पाउनु नै उहाँलाई गद्य कवि भनेर चिन्नु हो। जस्तो कि हामी महाकाव्य लेख्नेलाई महाकवि भन्छौं र पद्यमा नाटक लेख्नेलाई नाट्य कवि भन्छौं। तत्र त प्रेमीको प्रतीक्षामा, रातभर भावनैं भावनामा रमिरहेको पाउनु प्रेमी कवि भनेर जान्नु हो। अनि प्रतीक्षाबाट निराश भएर आदर्शतिर ढल्केको पाउनु सैद्धान्तिक कवि भन्नु हो।

पहिले त हामी कविको परिचय एकजना प्रेमीको रूपमा पाउँछौं। साँझ परेदेखिन् उ आफ्नो प्रेमीको बाटो-कुराइमा संलग्नछ। प्रेमी आऊँछ। यही आशाको यानमा चढेर उ समयको आकाशमा उड़िरहेछ। मिलन-सुखको कति वासना, रसको आस्वादन गर्दैछ। प्रेमी अझ आइपुगेको छैन। रात पऱ्यो, ताराहरू देखापरे। मानिसहरू आफ-आफ्ना घर गइसके। आउँछु भनेको थियो आएको छैन। उ पर्खि रहेछ। अँध्यारो भयो त उल्लाई के? आशाको वत्ती उसँगै छ। टायम भने पर्खन जान्दैन। मनमा कति कुरा खेल्न थाल्छ। कहिले उसको दिल ठण्डा, चीसो छ, कहिले प्रफुल्ल। ताराहरूले प्रेमीको आँखा सँझाइ दिन्छन्-कस्तो चट्ट परेका! इत्यादि। ताराहरू त टाढाका भए, तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज प्रेमी वर हुन्छ, नजीकै, यहीं वगलमै। फेरि कहिले उल्लाई लाग्छ प्रेमी आफ्नो बादा भुलेर निद्राको काखमा मस्त पो छ कि ? धत्तेरी···। कहिले उ सोच्न थाल्छ, प्रेमी आएपछि प्रेमीमाथिको आफ्नो अनुराग गीत गाएर सुनाउँला-'ए ! सौंदर्यको अनन्त' इत्यादि। अनि उसको हृदय पगालुँला, उसलाई आफ्नो प्रेमको पींध्रसम्म पुऱ्याउँला। रात मद्धिंदै जान्छ, आउँदैन। शायद आफू न्यानो पलंगमा निद्रादेवीको आरामी काखमा मस्तसँग सपनाको मज्जा लुट्दै होला। उ उहाँ बगैंचामा, बाहिर, छानामुनिको मानिस खुल्ला आकाशमुनि, निष्पट्ट अंधकारमा, हावामा, चीसोमा, एकान्तमा, ! फेरि पानी पर्छ, पानी पर्छ। उसको प्रेम शिथिल हुँदै जान्छ, आफू चाहिने बाटोमा जस्तो लाग्दैन। फेरि प्रेमीले भने जस्तो लाग्छ-यस्तो पीर किन ? चिन्ता किन ? मलाई बिर्सनु है ! बिर्सनु ! बाफरे-बाफ !! स्मृति-चिन्हसबै जलाईदिनु, हटाइदिनु रे ! उल्लाई के थाह ! उसको मनको भित्री अवस्था उल्लाई के थाह !! प्रेमीहरू यसरी नजानीकन प्रेमीमाथि पाप गर्छन्, अत्याचार गर्छन्, गालाको लाली चोर्छन्, कत्ति कत्ति ! उ कसरी बुझाओस् ? उ प्रेम गर्छ, कसरी देखाओस् ? अब उ के गरोस् ? त्यसको हृदय सख्त विरामी छ। प्रेमी आइदिंदैन, आउँदैन, कवि निराश बन्छ। कस्तो !

तर यो कवि निराशै हुँदैन। विचार गर्छ। मजनूँझैं बौलाहा बन्दैन, रूखमा पाशो लगाएर झुण्डेर अपहत्ते गर्दैन। उ पनि त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बलियो छ। आफ्नो जीवनडुङ्गालाई आफ्नै हातले ख्याउँदै चलाउनेसम्म शक्तिभएको मर्द त उ पनि हो। उसको प्रेमको माँग अशुद्ध रहेछ र प्रेमको भोकले रन्थनिनु परेको थियो। अब स्वभाव विरुद्ध लडेर उ प्रेमलाई उच्च र शुद्ध कर्तव्य बनाउँछ। यसरी दर्शनको दुङ्गामा आफ्नो भुक्ति सकेको भावनालाई तिख्याएर फेरि धारिलो बनाउँछ। प्रेम वास्तवमा चाहिन्छ। यो चाहिने जगत् हो। एउटालाई अर्को चाहिन्छ। अब उसको प्रेममा लोभ होइन, त्याग छ। यसैले यो पवित्र प्रेम हो। आफ्नो निमित्त अब उ अरू रोएन भनेर चित्त दुखाउँदैन। अब उ अरू माथि दया माया बाँड्न चाहन्छ। यसरी निराशले उनीमा प्रतिक्रियावाद ल्याउँदैन, प्रेममा फिक्कापन आउँदैन। बरू छानिएर शुद्ध पवित्र बन्न आउँछ। आजसम्मको प्रतिज्ञामय जीवनका घटनाहरूले उसको शिरभित्र जन्माएको ब्रह्मले भनेको सत्य हुन आउँछ, उ सामाजिक प्राणी हो, एकान्तताको अँध्यारो मसी घोप्टीएको, स्वार्थताको इँटले बनेको, प्रतीज्ञाको चीसो छिड़ीमा अब उ कुहेर बस्तैन, त्यहाँ शान्ति छैन, बाहिर निस्कन्छ। मनुष्यको वास्तविक शान्ति त सामुहिक जीवनको उज्यालो दिनमा मात्र लाग्छ। डाक्टर महम्मद इकबालको शब्दमा भनूं त संसारको शान्तिनै प्रेममा छ। आऊ प्रेम आऊ, आऊ।

यसरी यो प्रेमी-प्रतीज्ञाले गर्दा, यो निराशाले गर्दा, कविलाई एक बलियो आशावादी बनाइदियो। अब उ प्रेमी हुनुको कर्तव्यनै विकासशील विश्वको सँगतले उज्जाएको समाजमा शान्ति फैलाउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावनालाई कार्यमा परिणत नगरी कुहाउनु, उल्ले यसरी प्रेम-दर्शन पायो, भावनाको नदीमा पौड़दा पौड़दै विचार-सागरमा डुबुल्की मार्न पुगेको त प्रेम दर्शनको मोती भेट्टाएछ। मिलन मात्रै भएको भए पनि,अथवा विचारक नभै साधारण मस्तिष्कवाला मात्र भएको भए पनि कविजीबाट यो दर्शन मानिस मात्रले पाउने थिएनन्। यस्ता पवित्र विचारहरू प्रतीक्षाको कठीन तपस्यामा झल्के हुनन्, तर भावनाको जोड़मा सबै निभ्ने धेरै संभावनाथियो। अब भने महाप्रेमीको इयाली पिटियो। मानव मानवको निम्ति; प्रेमको महिमा गाइयो। व्यक्तिगत प्रेमलाई सामाजिक प्रेमले धोएर शुद्ध पार्नु, समाजको निम्ति मर्न र बाँच्न सिक्नु, अनि साँचो प्रेमी बनेर समाजलाई आदर्श प्रेम शिकाउँदै देशको गहना बन्नु नै मानिसको कर्तव्य ठहऱ्यो। मुटुको व्यथाले पनि कोही प्रेमीको ज्यानलाई हर्दैन, 'उदार चरितानांतु वसुधैव कुटुम्बकम्' भन्न सक्ने ताकत भएकाहरूलाई शकुन्तलाको दुष्यन्तलाई दानवहरू माथि धावा बोल्न लगाए झैं मोडदो रहेछ भन्ने कुरा सिद्ध भयो। यसरी कामुक तुलसी दासलाई पनि प्रेमिकाको चुम्दो गालीले 'राम चरित मानस' लेख्ने भगवान् राम प्रेमी तुलसीदास बनाइदिंदो रहेछ भन्ने प्रमाणित हुन्छ।

अपशोच छ, हामीले लैला-मजनू, रोमियो-जुलियट इत्यादि प्रेमीहरूबाट पनि यस्तै महान् कार्यको आशा गर्न सक्थ्यौं। उनीहरूले प्रेमी अथवा प्रेमिकाको निंति मात्र जीवन बलिदान गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सके, मानव समाजभित्र परेका तिनीहरूको निंतिमा पनि जीवन बलिदान गर्न सकेनन्। मुनाको मदनले पनि ल्हासाको बिकट बाटो पार गरेर धन ल्याउन सक्ने ताकतलाई संकुचित परिधिमा मात्रै नखेलाएको भए पनि कस्तो हुन्थ्यो! तर के गर्नु? देवकोटाज्यूका सामाजिक प्रेमी र प्रेमिकाहरूले आफूहरूलाई समाजको कठपुतलीसिवाय बढ्ता संझन नसके झैं साधारण पात्र भै आफ्नो कर्तव्य चिनी नसम्हल्ने हुँदा संसारमा घेरै जसो आदर्श प्रेमीहरूको अन्त दुखान्त हुनु पऱ्यो। जङ्गलका फूल झैं यस्ता प्रेमीहरू कति फुले, वैलाए। संसारले एक सर्को गन्ध पाएर आफ्नो नाकलाई पवित्र पार्ने सुवअवसर पाउन सकेन। अनि उनीहरूको प्रेमको जननी अशुद्ध काम बासना कहलिन लाग्यो। उनीहरूले प्रेमको निमित्त ज्यान फाले तैपनि स्वभाव विरुद्ध लड्न नसक्नाले र समाजको संकुचितपनाले गर्दा दर्जा निचा नै भयो। एक जनाबाट सिकेको उच्च प्रेमको सन्देश उज्यालो दिन संसारलाई सुनाउन जानेनन्, अनि सवै मानव मिलेर, प्रेमको विकास गर्न जानेनन्, संसार नै गुञ्जायमान गरी पवित्र प्रेमको गीत गाउन जानेनन्, रूँदै गाएर संसारभर प्रेमको पानी पार्न जानेनन्, हाँस्ते गाएर संसारभर प्रेमको घाम लगाउन जानेनन्, अनि लह लह संसारभर सहकाल ल्याउन शकेनन्, मारकाट झैं झगड़ा, स्वार्थ, इबीले संसारमा आफ्नो सजिलो डेरा जमाइहाल्यो।

यही सन्देशा पहिल्याउनमा मनोवैज्ञानिक स्वाभाविक ढंगमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविजी, कविबाट विचारक, विरकबाट दार्शनिक, दार्शनिकबाट सुधारवादीको रूपमा आएको काव्यमा देख्छौं ।

यसरी हामी देख्छौं-कवि जनार्दनको कविताको परिभाषा कोरा भावनामा मात्र सीमित भएन । हृदयलाई भन्दा पनि बढ़ता मस्तिष्कलाई उहाँको कविताले ताक्तो रहेछ । विचार र बुद्धिले भावनालाई कुँदेको रहेन छ भने कविता खालि पागलको प्रलाप मात्र हो, लाटोको गीत मात्र हो, सुख र दुःखको स्वभाविक उद्‌गार मात्र, पुकार मात्र भनी कवितालाई हृदयको धनी हो भन्नु उहाँको सिद्धान्त विरूद्ध हो । त्यो उद्‌गार, त्यो पुकारलाई खारिएको विचारले अगि लाएन भने, झरेको झरनाको झन्कार मात्र हुन आउँछ, र जीवनलाई अल्मल्याएर सुनेको सुनाएको के काम लाग्यो भन्ने उहाँको धारणा झल्किन्छ । हृदयको पीड़ा हलुका पार्नको निम्ति मात्रै वहाँको कविता-कलाले जन्म पाएको हैन । वहाँको दिलमा छटपटाहटका छाल ल्याउने जीवनका, युगका अपछ्यारा र मानवताका अड़चनहरूलाई दिग्दर्शन गराउने भन्दा पनि वहाँको कविताको विशेष ध्येय तज्जन्य जोशले मानवताको आह्वान गर्नु देखिन्छ । वहाँको कवितामा हामी यसैले भावुकताको जलप लागेको मात्रै पाउँदैनौं; कविको भावुकताले जन्माएको विचारमा भूषणले सजिसजाउ पारी चित्रकारिताको कुचोले रङ्ग भरी पूरा कविता बनाउने यथेष्ट प्रयास देखिन्छ । भाषामा खेल्न खोजेको जस्तो नदेखिए पनि, 'म बाँचे तिम्रै तपस्यामा मर्नको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निंति , म मरिन तिम्रै तपस्यामा बाँच्नको निंति ।' (पृ० २०) अथवा 'मेरो सबैमित्रहरू भन्दा, म भन्दा र मेरा प्यारा वस्तुहरू सबैभन्दा प्यारो ए मेरो शत्रु, (पृ० ६) जस्ता पंक्तिहरूमा देख्छौं खारिएको, उग्राइसकेको विचारले भावनामाथि कस्तो तर्क जड़िदिएर, चहकिलो कविता बनाएको छ। लेखनाथको 'बालक बबुरो' तथा सिद्धिचरणका कविताहरू पढनमा बानी लागेका पाठकलाई यस्ता कविता पढ्नु पर्दा तिल जत्रो टाउको पनि पहाड़ जत्रो हुन जान्छ। अथवा यो त भाषा माथि विचारकको चमत्कारिता सिबाय कविता हैनन् भने भने कुनै आश्चर्यको कुरा हैन। अर्को शब्दमा भनूं त, जनार्दन कविजीका भावनाहरू उक्त कविहरूका जस्तै सरल, सोझो र नजीक हृदयका हैनन्। यसैले पनि आफू सफल संगीतकार भैकन पनि कविजीलाई आफ्नो मस्तिष्कमा उठेको भावनाको निंति 'कविको स्वभाषा गद्य नै रोज्नु परेको हो।

वहाँको प्रेमी कोही नायिका नभइकन पनि त्यस्तो उत्कट प्रेम र त्यस्तो संकल्पको जोश उठेकैबाट पनि धेरै मात्रामा यो प्रमाणित हुन आउँछ। मात्र सकिन्छ—कोही नायिकासँगको प्रेमको जालबाट मुक्त भएर यस्तो उच्च ध्येयतिर चढ्नु औधी सम्भावना छैन। फेरि एउटा प्रेमबाट विश्वप्रेमतिर स्वभावैले ढल्किनलाई त्यो प्रेमको धेरै मात्रामा विश्वसँग सम्बन्ध भएको हुनु पर्छ। जुनकि धेरै जसो नायिकाहरूसंगको प्रेममा पाइन मुश्किल छ। यस्तो प्रेमले विद्रोह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अगाड़ि पहाड़ आएर छेकोस तैपनि चकनाचूर पारेर जाने जोश भएको विद्रोही बनाइदिएकै खंडमा पनि आफ्नो प्रेमको बाधास्वरूप समाज र त्यसका बन्धनहरूको उपर त्यसको प्रेम हुन्छ। अनि फेरि आफ्नो प्रेमको जननी कामवासनाको इच्छा पूर्ति भएपछि अर्थात् नायिकाले नायक, नायकले नायिका पाएपछि यस्तो जोश, 'सोड़ा वाटर जोश' जस्तै शिथिल भएर जानु पनि धेरै असम्भवको कुरा हैन। यस्तो प्रेममा खालि दान र त्याग मात्रै हुँदैन, केही लिने आशा र ममता पनि अस्पष्टरूपैमा भए पनि बलियो मात्रामा रहन्छ। यस्तो प्रेमको तिलस्मीबाट यसैले हतपति मोड़िएर निस्वार्थभावले संसारको सेवा गर्न जाने संकल्प उठे तापनि, साँच्चै गर्नु मुश्किलैको कुरा हुन सक्छ। यसै कारण कविजीले आफ्नो प्रेमिका हैन कि प्रेमीबाट निराश भएर विरक्तिनु पर्दा महाप्रेमीको पथ ग्रहण गरी महाभिनिष्क्रमण गर्ने संकल्प र जोश निकाल्न सकेको छ। वास्तवमा निष्फल प्रेमको प्रतिक्रिया स्वरूप भावुक दिलबाट निस्कने परिणाममा यो एउटा हो।

यसमा दुइटै कुरा संभव छ—कलाकारको अनुभवनै यस्तो भयो। यात अचेतन मनलाई चेतन मनले यस्तै अह्रायो। अनि यस्तो साधारण जस्तो नलाग्ने काव्यको जन्म भयो। तर पाठकहरूको स्वभाव भने खास गरेर टिका टिप्पणीको वास्ता गरिरहन नपरोस् भन्ने हुनाले उनीहरू आफ्नै एउटै कुरामा अडन आउँछन्, यसलाई कविता मात्रै भनेर, मानिसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृत्तन्त्रीको अनेक सुरको झंकार इत्यादि मात्रै भनेर छोड्ने मन गरोइनन्। यो प्रेमको दर्शन हो भने दार्शनिकको विवेचनात्मक दृष्टि जरूर हुनु पर्छ—यही खोज्ने छन्। मान्न त निशङ्क भएर उनीहरू मान्छन्—मानिस मात्रको भलाई, मानिस मात्रको स्वार्थलाई प्रेम गर्नुमा छ, आफ्नो आफ्नो व्यक्तिगत स्वार्थ हेर्नुमा छैन। हो, नमानी सुख पनि छैन अपूर्णताको ज्ञान र चेतनाले मानिसलाई पूर्णतातिर लम्काउँछ, अभाव, अभावको खल्लो अनुभवले मानिसलाई लड्न ज्यू-ज्यान दिनसम्म पनि विवश गराउँछ। प्रेम वास्तवमा यो हो पनि। यस्तो स्वभाव भएको विश्वको निमित्त यो कुनै नयाँ चीज हैन। तर कति पाठकहरू होलान्, जो बुझ्न र हृदयङ्गम गर्न चाहन्छन् र तर्क लड़ाउने खुल्दुली लिइनै रहन्छन्। यस्तो सत्यता, यस्तो प्रभु-वाक्य स्थापना के खण्ड, कति कति कारणले हुन आयो, बुझ्ने धोको वास्तवमा उनीहरूलाई रहिरहन्छ अनि घेरै 'किनका सवालहरू आफसेआफ उठ्न थाल्छन्।' कविको त्यो मानिस माथि प्रेम किन वस्यो ? त्यो स्वाभाविक प्रेम कस्तो ? राती के कारणले भेटने प्रोग्राम बनेको ? काम बासना (स्त्री पुरुष-प्रेम ?) माथि कविजीको त्यत्तिको घृणा र हेला किन ? एउटा मानिससँग प्रेम गर्नाले पनि कविजीलाई भरपर्दोसम्म कमजोर किन बनायो ? किन फेरि अचाक्लीसँग निराश बन्न पुगेको मजनू जस्तै, मुना जस्तै, संभव कसरी भयो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वस्वप्रेममा शान्ति पाउन, उतैतिर डोऱ्याउने स्वाभाविकता खै ? आधार के ? प्रेरणा के ? इत्यादि ।

उत्तरमा भन्न शकिन्छ – यो कविता हो, दार्शनिकको दर्शन थोरै हो र ? अज भनूँ, यो कविताको जीवन-चरित्र होइन, एक छिनको भावना मात्र हो । कविहरूको भावना, स्वभाव र विवेक बुझ्नलाई त कविलाई बुझ्नु पर्छ, कविको जीवन पढ्नु पर्छ, किनभने कविता भनेको अर्द्ध भाग मात्र देखिने (Half Concealed) हुन्छ ।

वास्तवमा होलापनि-प्रेमीको जीवनमा एउटा यस्तै घटना घट्यो, जसले गर्दा उनलाई दोहोऱ्याई भन्नु पऱ्यो कि उनले केवल पवित्र प्रेमको भाव गरेको । वासनाको लागि हैन, इत्यादि । तर मेरो प्रेमको जननी काम वासना होइन, इत्यादि भनेर स्वाभाविक प्रेमको घेरै भित्र बसेर काम गर्ने स्वार्थ तथा प्रवृत्तिलाई छेड़ हान्न खोजेको जस्तो पाउनु संसारका मानिसहरूको निमित्त चित्त नबुझ्ने कुरो हुन नसक्ने होइन । त्यसलाई तुच्छ मानेर चल्नु राम्रो कुरा हो, राम्रोसँग सह्मालिएर समयानुकूल तथा वातावरणको अनुसार आफ्नो आचरण बनाउनु स्वस्थ बन्नु हो । तर मनोवैज्ञानिक डाक्टरहरूको कुरा पर नै राखौं भने पनि मानिसलाई शान्ति दिएर अगि बढ़ाउने मानव स्वभावको दमन गरेर किमार्थ मात्र सकिंदैन । अध्यात्मवादी मनोवैज्ञानिक-हरूको दर्शनलाई मानेकै खंडमा पनि, मानव जातिको उन्नति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सभ्यता र विजयनैं वासना प्रवृतिलाई अनुशासनमा राखेर, मानवी तथा सात्विक उपायले पूर्ति गरेर जानुमा रहन्छ । नत्र त, मानिस मात्रलाई चाहिने सुख, शान्ति, चैन, तिनीहरूका निमित्त सामग्री हो । त्याग ह्वैन, दान ह्वैन, नियन्त्रण ह्वैन । आफ्नो भोक र प्यासलाई विर्सन, आफूलाई पचीसै आना आफू ह्वैन, अरू हुँ भन्न सक्नलाई संसार संपन्न, सर्वसम्पन्न भएको छैन । निराधार नै त आधार कसरी होला ? बरू हो, गौतमबुद्ध, केवल गौतम बुद्ध मात्रै सफल भए, किन कि उनी जन्मँदैमा आमाको मृत्यु भयो; रोगी· बूढा, मृतलासको दृश्यले उनको हृदयमा रन्थनी पैदा गरिदियो, अनि त्यही हृदय विदारक चोटको आधारमा, त्यसैको प्रेरणामा, उनी आखिर गौतमबुद्ध भई छाड़े । यसैले उसमाथि भन्, कुनै ठोस आधार तथा प्रेरणाविना नै जनार्दन कविजीको त्यस्तो संकल्पको उद्गार निस्कनुमा 'प्रेमी प्रतीक्षाका' पाठक अल्मलिनु स्वाभाविकै हो । शायद यो वहाँको प्रेम तथा कसैतिरको आकर्षणमाथि हार्दिक विद्रोह हुन सक्छ, जसले गर्दा वहाँलाई परतन्त्र बनाइ दियो, आफ्नो खुट्टामा आफैं उभिन नसक्ने तुल्याई दियो । यसैले पनि पाठकहरूलाई अपशोश लाग्न सक्छ—वहाँको उच्च तथा वाञ्छनिय सन्देश हृदयङ्गम गर्न खातिर 'प्रेमी प्रतीक्षामा' उचित प्रमाण पाइएन, कविजीले भावना प्रकट गर्दा पनि नियन्त्रण गरेको हो कि भन्ने यथेष्ट शङ्का लाग्न लाग्यो । आफ्नो भावुक दिलको दर्द र संकल्प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पोख्ता पाठकहरूलाई विश्वास गर्न हिचकिचाएको प्रष्ट भयो। कविजीले कविताको गद्य भाषालाई समर्थन गर्दा भाव खुलस्त बताउन सकिन्छ भनेकोमा पनि यस्तो कठिनता त गद्यमै पनि पर्न आउँदो रहेछ भन्ने राम्रै देखियो।

हुन त हामी पाठकहरूले, कविहरू, लेखकहरूलाई पर्खाउनु, नियन्त्रण गर्नु ठीक छैन, तर बाटो देखाउने भएका कलाकारहरूले हामीहरूलाई अलमलमा पार्नु पनि त उचित ह्वैन। कलाकारहरू पनि कुनै समाजको प्रगतिको परिणाम तथा कारण भएपछि कुनै कविलाई पनि त्यही समाजभित्रको भनेर चिन्न पाउनु पाठकहरूको निति सन्तोषको कुरा हो। अनिमात्र कविमा उनीहरूको आफन्तको भाव पलाएर आउँछ। नेपाली पाठकहरूले पनि नेपाली कलाकारहरूमा यस्तो आशा राख्नु स्वभाविकै हो। र यस्तो नपाउनु निराश हुनु हो। मुनामदनले नेपाली जनतालाई केही अंशमा खुशाउन सकेको पनि नेपाली गीत झ्याउरेमा मात्र भएर छैन। नेपालीको हृदय, नेपालीको भाव खोलिएर, अज बढ्ता त आर्थिक समस्या र संसारिक संसारको पोल खोलिएर नै हो।

यसैले कोही मन पर्ने मानिससंग ठीक टायममा भेट्न पाइएन भनेर छल्छलाएको प्रेमी प्रतीक्षाको सस्तो र सजिलो भावुकतामा पाठकहरू सशंकित हुन्छन् त कुनै आश्चर्यको कुरा ह्वैन। 'ज्ञानमर्दछ हाँसेर, रोई विज्ञान मर्दछ' भनेर हिटलरको टायममा निस्केका 'प्रह्लाद'मा त जमानाको छाप लागेको थियो भने, झन प्रभावित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भैकन पनि कविको कवितामा कुनै युगको छाप न देख्नु पाठकहरूको निम्ति अरू अचम्मको कुरा हुन सक्छ। व्यक्तिगत स्वार्थबाट सामूहिक स्वार्थतिर न ढल्के शान्ति पाइन मुश्किल छ, भन्ने कुरा, शायद यो 'एक संसार एउटै जहान'को, जमानाको माँग हो। तर यसरी टिका र टिप्पणी माग्नु साहित्यिक कृतिको बल मात्र सकिंदैन, कमजोरी नै हो।

कविता तथा कलाको दृष्टिले हेर्ने हो भने, कालिदासको 'मेघदूत'मा वरू मानिसको प्रेमिका उपरको स्वभाव, सुख-दुःख छर्लङ्ग देख्छौं। कलाकार आफ्नो अन्तर्भावनामा, कलामा मस्तसंग रमिरहेको छ तापनि उसका भावनाहरूद्वारा त्यो वेलाको हामीलाई राम्रो ज्ञान हुन्छ। शायद कलामा आफूलाई पूरा डुबाएको कलाकारको एऊटै लक्ष्य थियो—सोझो, लुकी-छिपी केही नाइं। अनि यसैले पनि त्यो खण्डकाव्य पद्य मै भए पनि आजतक पुरानो नहुने कलाको टुक्रा भै अड़िरह्यो।

जे होस्, कविजीको मनुष्य जाति उपरको पवित्र भावनामा नेपाली साहित्यले पनि कविताको गद्य भाषाको शङ्ख-ध्वनी फुकी, पद्य भाषाको कट्टर पन्थीहरूको आँखा खोल्ने संकल्पैबाट पनि पूरा भरोसा झल्किन्छ। प्रथम प्रयास नै त यस्तो हिम्मत र आँटले जल्दो र बल्दो भएर निक्लेको छ भने, यसपछिका प्रयासहरूमा आशाको मात्रा बढाउँदै जानु अनुचित नहोला।

अन्त्यमा, अज उचित त, गद्य भाषामा आधुनिक भानुभक्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शन पाउने इच्छा राख्नु नै होला । भानुभक्तको शेष पछि भानुभक्त लाई विर्साउने पहाड़ शहर घर घर घुम्ने कोही जातीय कवि नेपाली समाजले आजसम्म पाउन सकेको छैन । जब कि नेपाली साहित्य खालि 'साहित्यिकथोरै' तथा "शिक्षित थोरै" को मात्रै पेवा जस्तो-सिवाय अरू हुन सकेको छैन भने, 'टाक्सिएको' नेपाली कविता फस्टाइसक्यो भनेर साँच्चै कसरी भनौं ? यसैले, कविको भावनालाई सरल र स्पष्टसँग खोल्न सकिने, पाठक माथि छर्लङ्ग प्रभाव पार्न सकिने, 'गद्य भाषाको पत्ता लागेपछि उचित आशा जरूर राख्न शक्छौं'—आधुनिक भानुभक्तको अब चाँडै जन्म न होला र ?

(२००६ अंक ९ शारदा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाटककार 'गोपालप्रसाद रिमाल'

र

उनको 'मसान'

पात्रहरू ल्याएर बोलाउँदैमा नाटक सृष्टि हुन्छ भन्नु राम्रो कुरा होइन । किन भन्ने संवाद नाटक होइन । कथानकले बाद र संवादलाई यसरी गुँथेर लैजानु पर्छ, मानो दर्शकले त कुनै जीवन नै देखिरहेको छ, न कि दुइजना मानिसको कुराकानी सुनिरहेको मात्र । वास्तवमा नाटक खेलिनलाई हो, पढिन मात्र होइन । उपन्यास र कथाको ठाउँ लिनलाई जरूर पनि नाटक जन्मेको होइन यो-जानेरै आएको कुरा हो ।

यसैले नाटकको मुख्य सार यसको सफल अभिनयमा रहन्छ, नकि यसको चहल पहल र उच्च विचारहरूमा मात्र । हो, नाटकले केही उच्च अवस्था सृष्टि गर्नु पर्छ, केही उच्च सन्देश पनि यल्ले वितरण गर्नु जरूरी छ । तर उच्च अवस्था मात्र सृष्टि गरी, उच्च सन्देश मात्र दिन खोजी चित्रणै-चित्रणद्वारा वास्तविक स्थितिको ज्ञान, दर्शकको हृदयभित्र घुसाइदिन सकेन भने नाटकको उद्देश्य सफल मान्न सकिन्न । बाद र संवादबाट बरु आएको कथानकबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र मानवी स्वभाव इत्यादिबाट जुन वातावरण खड़ा हुन आउँछ, जीवनको जुन झलझली चित्र अगाड़ि ल्याइदिन्छ; त्यस्तैमा नाटकको बल लुकि रहेको हुन्छ। दर्शकको साधारण जसो अनुमानलाई पनि उचाली, मन स्थिति हल्लाउने र खिच्ने गरी, नाटक बढेको भयो भने दर्शकले पनि आफूलाई केही सार भेट्टाउँछ।

साँचो त, नाटक पूरा जीवनका उतार हुन सक्दैन, हो। युक्तिसंग पनि छैन। तर कुनै सिद्धान्त अथवा आदर्शको मात्र पछि लागी मानवी स्वभावको हनन गर्नु, नाटकीय सफलतामा लात मार्नु हुन आउँछ। यसैले नाटकको मुख्य उद्देश्य दर्शकको आफ्नो स्थितिमा सचेत र रंजन गराउनु हो भने त, मानवी स्वभावको राम्रो ख्याल राखिएको हुनुपर्छ। कथा उपन्यासमै होस या त नाटकमा, मानिसको चेतनाले चाहिंदो मात्रामा तथा हुनसक्ने जति ढंगमा आफ्नो अभिनय गरेको रहेनछ भने जीवन देखाउने प्रयास मात्रै ढल्ने होइन, निर्माणको गारो समेत पनि भत्किने डर हुन्छ।

गोपालज्यूको मसान नाटकमा पनि यिनै कुराहरू धेरै नजीकिएको पाउनु प्रगतिशीलताको लक्षण भेट्टाउनु हो। वास्तवमा एउटा साधारण कुरा, सौता लोग्ने र मनपरेको स्वास्नीको कुरा कति भयानक रहेछ। सरसरी नजरले हेर्दा हामीले बाहिरबाट मामूली नै देखेका कुराहरू भित्र त गहिराइमा के कति भइरहेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा रहेछन्। चिन्तनशील स्वास्नी मान्छेमाथि लोग्नेको विमुखता मात्र होइन सन्तानको भोकले पनि कतिसम्म असर परिरहेछ भन्ने कुरा नाटककार व्यक्त गर्नु हुन्छ। मानवी स्वभावले दिने मात्र होइन नाटक हेर्दा हामीलाई यस्तो पनि लाग्छ--यसो त हुने नै भो, हुने नै।

आखिर नाटकको सृष्टि पनि यसरी नै भयो र कला साहित्यको माथापच्चिसि पनि यहीं आएर भएको छ! घटना-गुम्फनमा चारैतिरको वातावरण र जमेको सामाजिक संस्कारले टलक मात्र थपिदिएको होइन, सबैको हृदय खिच्ने एउटा शक्तिसम्म पनि जड़ि दिएको भान हुन्छ। हामीलाई लागिहाल्छ--गोपालज्यूको यो वास्तविकतामाथिको संकेत हो, नेपालको एउटा त्यो समाजको दिग्दर्शन हो जसमा यो घटना घटित छ। साथै उहाँको यो एउटा साहित्यिक कुक्कुति पनि हो। अथवा यसो पनि भन्न सकिन्छ यहाँ लोग्नेमान्छे र स्वास्नीमान्छेको असल खराब दुवै पक्षको भित्र गहराइसम्म पुग्ने चेष्टा गर्नु हुन्छ, र अनि देखाउने पनि।

यसैले पनि हो कि उहाँ आफ्नो नाटकद्वारा कुनै दर्शकलाई आदर्शवादतिर धकेल्न चाहनु हुन्न, बल्कि यथार्थतामा सचेत गराउनुमा नै उहाँको विश्वास, आस्था र प्रयास पनि देखिन्छ। उहाँका पात्रहरू यसैले सैद्धान्तिक विद्वत्ता बोल्दैनन्, खालि व्यावहारिक जीवनका टुटे फुटेका विचारहरू मात्र प्रकट गर्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्ण कथानै पनि पार्थिव जीवनकै समस्या लिएर बहेको छ र दौड़ेको छ, र अनि कुनै आदर्शले पनि अदृश्यबाट टुप्लुक्क आइपुगी झमेला मिलाइदिन खोजेको देखापर्दैन। शायद उहाँको नाटकले हर्षान्त नभै शोकान्त हुन पुगेको यसैले पनि घेरै सम्भव छ। विचारणीय कुरा पनि हो कि कुनै स्वास्नीमान्छेले आफ्नो लोग्नेलाई कुनै अरूनै स्वास्नीमान्छेको हातमा सुम्पिदिने प्रयासलाई पनि उछिट्टेर नाटक बढ़ेको छ। लोग्नेले आफूलाई सन्तान-निरोधको औषधि खाएको थाहापाएर पनि त्यसलाई सही, स्वास्नी मान्छेले आफैं सौता हाली रमेर जान सकेकोसम्म देखाइ दुङ्ग्याएको भए पनि नाटक जमिसकेको थियो।

तर सन्तान भएर मात्रै पनि स्वास्नीमान्छेको मनमा तुष्टि हुंदैन भन्नेमा नाटककारको विश्वास छ। अनि यसैले नाटकले अर्को परिच्छेदतिर कोल्टे फर्कन्छ। पति परित्यक्ताको रूपमा आफूलाई पाउन परेकिले नयाँ दुलहीको छट्पटीमा दिन बित्तछ, कसैको माया दया त त्यहाँ जहर प्रतीत भयो। वास्तवमा लैङ्गिक कारणबाट पनि हामीलाई यसमा घेरै पुष्टयाइँ मिल्छ। आफ्नो इच्छा र आकांक्षा विरूद्ध लोग्नेले आफूलाई मनपराइ नदिनु ती रोमाञ्च चाहने सती स्वास्नीमानिसको निमित्त विष हुन आउँछ, अनि वातन्पिछे खिजिनु, हेलेनलाई देखि नसहनु तिनी जस्ती साधारण आइमाईको निमित्त स्वाभाविकै भयो।

फेरि यसो भन्दैमा कसैमाथि रीस पनि नाटककारको केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झल्कँदैन, कसैलाई बाटो छोड़िदिनु या नियमको रेखा खिंचिदिनु पनि उहाँबाट भएको हामी यहाँ देख्तैनौं। हुन त हो, नाटक भरी माथि देखिन् तलसम्म सबै जसो पात्रहरूद्वारा 'लोग्नेमान्छे' भनेर कृष्णको कटु आलोचना भएको सुन्दछौं। तर वास्तविक जीवनलाई हेर्न तीखो आँखाले नाटककार देख्नु हुन्छ। कृष्ण यी कुरामा आलोच्य होइन। नाटकमा देखिएको कृष्णको जिउंदो मेशिनलाई चलाउने करेन्ट धेरै अगाड़ि नै शुरू भएको रहेछ स्वास्नीलाई बच्चा नहुने औषधी खुवाए पछि। यस्तोलाई जब आफ्नो भूल थाहा हुन आउँछ र पचाउने सामर्थ्य हुँदैन, तब चेतनाले टोकिरहेको जस्तो, पछुताउले ग्लानी भएको जस्तो र आफ्नो स्वास्नीलाई जत्ति माया गरेपनि नपुग्ने कित्ताको हुनु धेरै संभव छ। यस्तै एउटा ठूलो कारणले गर्दा (जुन कि नाटकमा खोलिएको कृष्ण जस्तो धातुको र लुकी छिपी गर्ने कित्ताको बन्नु सहज भयो।) नयाँ दुलहीलाई (भनूं) तृतीयांश माया दिनु पनि उसको निम्ति महापाप अथवा के के लाग्यो होला।

यसरी नाटककारको मुख्य उद्देश्य नै वास्तविक जीवन दर्शाउनु हो, बाहिरी आचार व्यवहार नै यथार्थ जीवन होइन भन्ने उहाँको पूरा पूरा धारणा झल्किन्छ। एउटा साधारण कुरा हेलेनलेलोग्नेबाट कम माया पाएकी थिई। उसमाथि लोग्नेको दबिएर जानेपन, सासू ससुराले आफ्नो आह्लोटमा राख्न नखोजेको, घर गृहस्थिको चाँजो मिलाउनु पर्ने भन्ने जुन चेतना अथवा चाह स्वास्नीमान्छेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्ता हुन्छ त्यसमा फूटेको जेलाई पनि आफ्नो गराउने, मिलाई छोड्ने तिनको आँट हिम्मत र तागत पनि थियो। तर नाटककार पाउनु हुन्छ अनुकूल वातावरणमा फलेफुलेको तिनको त्यो प्रभावशाली व्यक्तित्व पनि पहिरोजाने जग्गामा उभिएको रहेछ। तिनको तासको घर मात्रै भत्केको, नासेको भएपनि शायद केही थिएन, तर जब तिनी थाहापाउँछे तिनीलाई बचा हुँदै नहुने औषधि खुवाएको रहेछ, सँधै भरिको निमित्त नै तिनीमा हुनसक्ने हरियालीलाई नै उपकाई फर्याँकिदिएको रहेछ, तबपनि तिनीले मिचेर बस्न सकली भन्नु त यथार्थमा तिनको चिन्तनशीलताको विरुद्धै हो। वास्तवमा लोग्नेको माया ममता त चालबाजी र धोकाबाजी सिवाय केही देखिएन।

यसरी नाटककारले भित्र गहराइमा खोतली वास्तविक सत्य भेट्टाउनु नै वास्तविक जीवनको बल र कमजोरीहरू नाप्नु हो भन्ने प्रयास लिएको हो। कोही सुधारक साहित्यिक छ भने त्यसको, निमित्त पनि यही पहिलो पाउ र अभ्यास हो कि जस्तो लाग्द छ। यो त नाटक भयो कथा उपन्यास नि भन्ने तिर्छे भनाइलाई हटाउने, र दर्शक र पाठकको हृदय र मगजमा पनि कोही ठोक्ने नै हो भने त पात्रहरू मानिस सरह जरूर हुनु पर्छ। पार्थिव जगतका यो सत्य कुरा पनि हो, मनोवैज्ञानिक भावनामा उत्रिएका भए भने पात्रहरू बाँच्छन् र मर्छन्, लेखकले न जिलाउने कोशिस गर्नु पर्छ, नमार्ने नै। कुनै पात्रको स्थिति पनि पाठक या दर्शकको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल्पनाको जिम्मामा छोड्नु पनि उचित हैन। कृष्णले जुन दोहरो खेल खेलेको हो र यो क्रममा उसको हृदयमा जुन द्वन्द्व मचेको हो यो नखुलेको हुनु नाटकको एउटा अभाव पनि हो।

जे भए पनि, मानसिक संघर्षले उप्जाएको घटनाहरूनै नाटकका घटना छन्। संसारमा मानिसहरू आफू-आफूमा मानसिक संबन्धले यसरी बेरिएकाछन् कि मसान शुरू नभै सकेन भन्ने नाटककार देखाउनु हुन्छ। वास्तवमा नाटकीयपन पनि यही जगमा निर्माण हुँदैगएको छ। पराकाष्ठामा पुग्दा नाटकको पछिल्लो आधाको अन्तमा (६०) देख्छौं, यो कुरा कस्तो स्पष्टसंग आएकोछ। रंगमंचमा पनि पात्रहरू (खेल्नेहरू) भेटिए भने त दर्शकको हृदयलाई कम समात्ला जस्तो त छैन, तर पछिल्लो आधा अघिल्लो आधा जत्तिकै मजालाग्दो र सोझै बुझिने कित्ताको त जरूर होइन।

हुन त यो नाटक गोपालज्यूको नाटक साहित्यमा एउटा भूमिका हो। तैपनि यसले हामीलाई धेर नै अशावादी बनाइदिएकोछ। शायद निकट भविष्यमै हामी उहाँको प्रतिभाले यही मसान नाटकको पृष्ठभूमिमा खड़ाभएर प्रस्फुटित भएको देख्नपाउने हौं कि। उहाँको उपसंहारका कुरालाई नै हामी विश्वास किन न गरौं "कृष्णको अनि खास गरेर युवतीको विषयमा अरू कुरा जान्ने मलाई अझ खुल्दुली छ। थाहापाइए भने ती कुराहरूले पनि अर्को नाटकको रूप लिन बेर छैन!' वास्तवमा हामीले सम्पूर्णजसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा नयाँ दुलहीको पट्टिमात्र जान्यौं । कृष्णलाई न राम्ररी चिन्यौं, चिनेनौं त्यो त शङ्कै छ । त्यो संग चिनापर्चो वढाउन बाँकी छ । युवतीको विषयमा भनूं भने त्यहाँ पनि गाँठो फुस्काउनै पर्छ । तिनीले हत्पती घर छोड़न नसकेको कुरा खोलिएपछि शायद आखिरी दृश्यको राम्रो उद्घाटन होला । साँचि हो, अनि त्यो घरले साँचिको मसानको रूप दर्शाउने छ ।

(२००७ संख्या ९ शारदा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'उमरखैयाम'

को

नेपाली अनुवाद

उमरखैयामको रूवाईभित्र पस्नलाई मामुली पाठकले त के कुरा विद्वान् आलोचकले पनि वास्तविक संसारलाई वाहिर सड़कमै छोड़ेर जानु पर्छ, माया मारिकन छोडनु पर्छ। नत्र त जबसम्मन् संसारका विषमता र असमानताका जन्जीरहरू टुट्ने छैनन्, जबसम्मन् उमरखैयामको जिन्दगीको सुरक्षा कायम हुने छैन, तब सम्मन् उमरखैयामको रूवाइहरूले मानव जातिलाई रुवाउन छोड्ने छैनन्। परिवर्तनशील जिन्दगीमा 'सर्वं शून्यम्' तथा 'सर्वं क्षणिकं क्षणिकं' को संसारमा पनि परिवर्तन, शून्यम् र क्षणिकंले खटकने परिस्थिति कायम रहुनजेल सन्मन उमरखैयामले बोल्न छोड्ने छैनन्, र त्यो बोलीमा वजन पनि घटने छैन।

शराव, 'साकी' र गीतलाई नै मानिस उमरखैयामको प्रतीक किन नसम्झोस्, तर सुख, चैन र निश्चिन्तताको निमित्त मानिसको सृष्टिको अनन्तकाल देखिको जुन भोक छ, तथा जिन्दगीको संघर्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शुरू भएदेखि जुन अतृप्त तृष्णा छ, त्यसैको व्यक्तिकरण भै हृदतन्त्रको प्रतेक तारलाई झन्कार्दा मानिसले उमरखैयामको रूबाईलाई मन परायो। भाषा चाहे फित्जराल्डको अंग्रेजी नै होस्, यात विश्वमा अरूनै।

वास्तवमा संसारका अधिकांश मानिसले उमरखैयामको हृदयसँग सम्बन्ध राख्न शक्यो अनुवादकै द्वारा, यसैले कति ठीक मात्रा सम्म उनलाई चिन्न सकेको छ विचारणीय छ। संसारका सामुन्ने ल्याउनमा यश पाएका—जेपोलेनले भन्दापनि ज्यादाश्रेय पाएका फित्जराल्डले पनि त उमरखैयामका रूबाइ लाई कति अनुवाद गरेथे, तैपनि आफूलाई उमरखैयामसँग साकार भै लीन भैसकेको मान्न शकेको हयोइन्। त्यसो भएर पनि फित्जराल्डले व्यक्तिकरणमा जुन सरलता, स्पष्टता तथा (बाल सुलभ निर्दोषपन जस्तो) स्वाभाविकता ल्याएको छ, त्यसले गर्दा फित्जराल्डको उमरखैयामले भावना जगत्मा तहल्का मचाएको छ। हुन पनि फित्जराल्डको भाषामा, व्यक्तिकरणमा कविता थियो, अनुवाद ह्वैन, भाव थियो, कुरा हैन। त्यसको पछाडि टेवामा खैयामकै जस्तो दर्द थियो, कराहना थियो, चिच्याहट थियो, र रोमाञ्चकारी सपना थियो।

यसैले भाषा जुनसुकै नै किन नहोस्, उमरखैयामले बोलेर अपील गर्न शक्छ, यदि त्यो भाषामा हृदयको धड़कन छ भने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रमयताछ भने, कल्पनाछ भने, र कला छ भने। विहान सूर्य्य पूर्वमा उदायको अन्धो बाहेक अरू कसले देखेकै छैन, तर अँध्यारोले भरिएकी रातको भाँड़ोमा विहानीले सूर्य्यरूपी ढुङ्गा फ्याँकिदिई, सारा ताराहरू छताछुल्ल पारिदिएको फित्जराल्डकै उमरखैयामले देखेको थियो। र उनको देखाईमा ईरानमा चलेको कालो मदीराको भाँड़ो (प्याला) थियो। इरानी चलनको सूचना थियो। अनि उनको भनाईमा त्यो कल्पना थियो, जसले कि अँध्यारो दुखको रातलाई फारी उज्यालो सुखको विहानी ल्याएको थियो।

अहिलेको यो कर्मठ नेपालको आँखामा पनि त्यस्तै सपनाले छाउनु परेको छ, र त्यस्तै विपनातिर उम्कनु परेको छ, जहाँ पुगेर कि यो माथिको क्षितिजलाई खैयामले जस्तै घोप्टिएको भाँड़ो मात्र ठान्नु पर्ने छैन, जहाँ पुगेर कि आफूलाई विवश खेलौनाहरू मात्र सम्झनु पर्ने छैन। इत्यादि।

यसैले उमरखैयामको नेपाली अनुवादलाई युगीन मान्नु पर्छ, र यदि सांस्कृतिक तथा धार्मिक रूढी बूढीको उचित उन्मूलन गरी समाजको स्तर तथा जगलाई मजबूत पार्ने हो भने यस्तै विश्व-साहित्य पनि नेपाली जगतमा ल्याउनु परेकोले श्री ओकिङ यामाको नेपाली उमरखैयामलाई स्वागत गर्नु परेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तर त्यो साहित्य यस्तो होस कि प्रत्येक स्वस्थ (Normal) नेपाली हृदयको धड़कनलाई काम्ने गरी छो ओस् जसले नरम भाषाको बाटोद्वारा मानिसलाई उमरखैयामको कल्पनाभित्र सजीलैसँग हराउनदेओस्, छटपटाउनदेवोस्, अनि उमरलाई चिनेर आफूलाई बुझ्न देवोस । तर यस्तो पनि न होस्, जसले कि भाषा, र पद्य तथा छन्दको भुलभुलैयामा परी उमरखैयामको भावनैलाई हनन गरोस; स्वस्थ पाठकको कल्पना शक्तिलाई सिञ्चन गर्न नसकी त्यो कोरा बुद्धिवादी नहोस्; सारांशमा अनुवादको नाममा त्यो खालि पंक्तिपंक्तिको माने नहोस्, अनि फारसी साहित्यको नाममा त्यो फारसी शब्दहरूले भरीपूर नहोस् भनाइको ढंगमा पनि कविको त्यो हिस्सि र नरमीपना रहि रहोस, जसले कि पाठकको मन खिचिइरहोस । नत्र त—

"एक टुक्रा रोटीसित तरू हांगा मानि
कुजा भरी शराब र एउटा पोथी
अनि मेरो तिमी
तरूविथि विचनै वसीकन मेरो छेड़
रूपाली गीतिको जति
अहा ! वेहेस्त भयौ अब यो वनभूमि"

भन्ने कविताले पनि टिकाटिप्पणी आलोचना स्पष्टिकरण इत्यादि माग्न थाल्यो भने अनुवादले सफल भएको मान्ने छैन र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनागत आशालाई जान नदिई मीठो भए पनि टाढाको सपनालाई लिहाज गरेकै, पर्वाह गरेकै ठहर्न जाने छ ।

यस्तै हुनाले धेरै संभव छ—ओकिडयामाजीको उमरखैयामलाई बुझ्न तथा चिन्न नेपाली पाठकले ठूलो धैर्य, सरस कल्पना शक्ति तथा ताजा कवित्व शक्तिको जरूरतीलाई महसूस गर्नु पर्दछ । असम्भव छैन—अनि उमरखैयामको रूबाई भित्र पस्नलाई वास्तविक संसारलाई बाहिरै छोडनु पर्ने आवश्यकता रहनेछैन, र भित्रै हराउन शकिने स्थिति पनि पैदा हुने छैन ।

(२००८ अंक १ शारदा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोड २०३६
४८१४८६.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

891.4909 Acc. No. 1911
Class No ... Book No KAR
Author कन्हैयालाल माथवलाल
Title सौगात

Due on	Borrower's Name	Returned on

891.4909 1911
KAR

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu